पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : १९ | २०७२ पुस ३ गते शुक्रबार (Dec. 18 , 2015) | मूल्य रू. १०/-

## भारत पसेको आइएस नेपाल पस्ला है ?

काठमाडौं । मोदी मुसलमान विरोधी हुन्, मोदीले भारतीय मुसलमानलाई सिध्याउने रणनीति लिए भनेर सिरियाबाट आइएस भारत प्रवेश गरिसक्यो । आइएसले भनेको छ : हाम्रो टार्गेट भारतीय मुसलमानको रक्षा र आइएसको प्रगति हो । आइएसको राप र ताप अहिलेसम्म नेपालमा परेको छैन । आइएस भारत पस्यो भने नेपाल पनि अछुतो रहनसक्दैन । त्यसकारण आइएसको आतंककारी छायाँ नेपालमा नपरोस् भनेर अहिले देखि नै गृहकार्य थालिहाल्नु उपयुक्त हुनेछ भने बुद्धिजीवीहरूले सुझाव दिएका छन् ।

आइएसको फर्मान जारी भइसक्यो- मूर्तिपुजक र यहुदीलाई समाप्त पार्नुपर्छ । नेपाल त त्यसै पनि हिन्दूबाहुल्य देश हो । नेपाललाई क्रिश्चियन बनाउन अग्रसर भएका धर्मनिरपेक्षवादीहरूका (**बाँकी अन्तिम पेजमा**)

# नयाँ शक्तिका नाममा बाबुराम नरसंहारतिर

काठमाडौं । भएको शक्ति नै देश र जनताका लागि भार भइसक्यो, त्यसमाथि नयाँ शक्ति किन चाहियो ? भएकै शक्तिलाई जनताप्रति जिम्मेवार बनाउने खाँचो भएका बेलामा उप्रीमाथि थुप्री गर्नु भनेको आफैमा गलत काम हो । हुन त लोकतन्त्रमा जति शक्ति वा संस्था पनि बनाउन सकिन्छ । ३२ हजार एनजीओले



समानान्तर सरकार चलाइरहेका छन्, पार्टीहरूले भ्रष्टाचारमात्र गरिरहेका छन् । नयाँ पार्टी यथार्थमा व्यापारीले नयाँ पसल खोजेजस्तो भएन र ?

नयाँ शक्तिको चहलपहल खुब चलेको छ । चर्चा पनि व्याप्त छ । तर यो नयाँ शक्ति हो के ? कसैले पनि बुझेको छैन । उही पुरानै थोत्राथात्रा, समाजबाट घृणित रहेका मान्छे बटुलेर बाबुरामले नयाँ शक्ति बनाउने जुन तमासा देखिएको छ, त्यो गाईजात्रा भन्दा कम रमाइलो छैन ।

यस्तै रमाइलो थियो २०५० सालमा । बाबुराम भूमिगत भइदिए, एकाएक बाबुरामले २०५२ साल फागुन १ गते जनयुद्धको घोषणा गरिदिए । सुरू भयो रक्तपात, (**बाँकी अन्तिम पेजमा**)

## 'मार्क्सवाद धार्मिक ग्रन्ध होइन'

काठमाडौं । नयाँ शक्ति बानाउने अभियानमा पार्टी त्याग गरेर निस्किएका पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले अहिलेको सत्ता गठबन्धनलाई पुष्प, कमल, ओली (पुष्पकमल दाहाल, कमल थापा र केपी ओली)को संज्ञा दिंदै उनीहरूले नेपालको आन्तरिक मामिलामा दिल्लीलाई घुसाएको आरोप लगाएका छन् । स्मरणरहोस्, भट्टराईलाई लामोसमयदेखि भारतपरस्तको आरोप लाग्दै आएको छ । आफूलाई भारतपरस्तको आरोप लाग्दै आएपनि आफूले भारतविरूद्ध सबैभन्दा बढी चिच्याएको र उफ्रिएको समेत बताएका छन् । (**बाँकी अन्तिम पेजमा**)

# मधेस मिसनलाई राज्यकोषको करोडौं

**अभियान संवाददाता**

सर्लाही । राज्यकोष र राज्यशक्ति र सुरक्षाको प्रवन्धसहित मधेस मिसनमा पसेको एमालेलाई मधेसी जनसमुदायले स्वागतसम्म पनि गरेनन् । युवासंघले सर्लाहीमा २९ गते विशेष भेला गरेर शक्ति प्रदर्शन गरे पनि हजारजनाको उपस्थितिमा तमासेसम्म मधेसी समुदायका कोही पनि थिएनन् । बरू राजधानीबाट गएका आधा पहाडीया नै थिए । यसको अर्थ प्रहरी, सशस्त्र र सेनालाई सतर्क राखेर डराई डराई मधेस मिसनमा गएको एमालेले जनताको संविधान जनताकै माझमा प्रस्तुत गर्न सकेन ।

मधेसीले नम्बरी दुश्मन एमालेलाई ठानेको छ । एमालेले संसदीय मर्यादाविपरित संसदमा विधेय पेश गर्ने र पास गर्ने जबरजस्ती गरेपछि मधेसी मोर्चाले संसद नै छाड्ने विषयमा समेत सोच बनाएका छन् । यही कारणले पनि सत्ताधारी एमालेप्रति मधेसमा सकारात्मक धारणा देखिएको छैन । सिरहा ५ बाट चुनाव जितेका प्रचण्डले त सिरहा टेक्नसमेत सकेका छैनन् । माधव नेपाल भने सिभिलमा राज्यसुरक्षा लिएर रौतहट पसेका हुन् । ईश्वर पोखरेलको जनकपुर बसाइ पनि यस्तै हो । गत बुधवारको राष्ट्रपति विद्या भण्डारीमाथि जनकपुरधाममा भएको ढुंगामुढा र पेट्रोल वम प्रहारले पनि मधेसमा एमालेको हैसियत के छ भन्ने स्पष्ट भइसकेको छ । (**बाँकी अन्तिम पेजमा**)

# महतोको धम्की अलग राज्यको माग

**अभियान संवाददाता**

काठमाडौं । झण्डै तीन महिनादेखि मधेसमा आन्दोलन गरिरहेको संयुक्त मधेसी मोर्चाको एक घटक संद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले मधेसका माग सम्बोधन गर्न ढिलाई गरे मधेस आन्दोलन हिंसात्मक हुन सक्ने संकेत गरेका छन् । केही दिन पहिला वीरगञ्जमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा पर्साले आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष महतोले भने शान्तिपूर्ण आन्दोलन गर्दा हाम्रा मागहरू पुरा गर्न सरकार र तीन दल तयार नभएको



खण्डमा मुलुक नै भयावह दुर्घटनामा पर्नसक्ने चेतावनी दिएका छन् ।

लोकतान्त्रिक मधेसी मोर्चाले गरेको शान्तिपूर्ण आन्दोलनलाई वेवास्ता गर्ने हो भने आन्दोलन हाम्रो हातबाट फुत्किन सक्छ भन्दै अहिले हामीले स्वायत्तसहितको प्रदेशको माग गरिहेका छौं, यदि हाम्रो हातबाट आन्दोलन फुत्किएको खण्डमा अलग देश माग्नेहरूको हातमा आन्दोलन पुग्छ वा आन्दोलन हिंसात्मक हुन्छ । त्यसबेला साम्प्रदायिक द्वन्द्व पनि सुरू हुने खतरा (**बाँकी अन्तिम पेजमा**)

# कालोबजारी ऐन कठोर हुनुपर्ने

काठमाडौं । भारतले अघोषित नाकाबन्दी गरेपछि ग्याँसलगायत इन्धनको संकट भोग्न बाध्य भएका जनता इन्धनको डिपोका कर्मचारीहरूकै मिलेमतोमा कालोबजारबाट इन्धनलगायत ग्याँस खरिद गर्न बाध्य भएका छन् । हालै वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, उपभोक्ता र अधिकारकर्मीहरूको संयुक्त टोलीले गरेको अनुगमनमा त्यस्तो फेला परेको हो । उद्योग र डिपोकै कर्मचारीहरूको मिलेमतोमा कालोबजारी गरेको उजुरी परेपछि संयुक्त अनुगमन टोली धादिङ पुगेको थियो । उक्त टोलीले एसटिसी, ओम, एचपी, बाबा, सिद्धार्थ ग्याँस कम्पनी र डिपोहरूमा अनुगमन गरेको थियो ।

त्यसक्रममा केही डिपोहरूले धम्कीको भरमा बढी ग्याँस सिलिन्डर लिएर कालोबजारी गरेको तथ्य अनुगमन टोलीले फेला पारेको थियो । विभागमा परेको उजुरीका आधारमा ग्याँस कम्पनी र डिपोहरूमा अनुगमन गरेको टोलीमा सहभगी एक अनुगमानकर्ताले बताएका हुन् । उनका अनुसार कम्पनीलाई धम्की दिएर बढी ग्याँस



सिलिन्डर लिनेहरूले कालोबजारीमा ग्याँस बेचेर धेरै कमाएको र त्यसमा डिपो (**बाँकी अन्तिम पेजमा**)



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

*– अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# सुविधा दिने निर्णय बन्द गर

*वैशाख १२ गते आएको भूकम्पले गर्दा मुलुक नै थङथिलो भइरहेको बेला भारतले लगाएको अघोषित नाकाबन्दीले गर्दा मुलुकको अर्थतन्त्र ऋणात्मक अवस्थामा पुगेको छ । मुलुकको अर्थतन्त्रलाई उकास्न सरकार गम्भीर भएर लाग्नुपर्ने बेलामा उल्टो सरकारले पूर्वविशिष्ठ पदाधिकारीहरु राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुखलाई तजविजी निर्णय गरेर आजिवन विलासी सुविधा दिने तयारी गरेर गरिब नेपाली जनताले तिरेको करमाथि ब्रम्हलुट मच्चाउन खोजेको छ । भूकम्प गएको आठ महिना बित्न लाग्दा समेत पीडितले सुविधा पाउन सकेका छैनन् । उनीहरुले राज्यबाट पाउने भनिएका सुविधा समेत पाउन सकेका छैनन् । पुननिर्माण गर्न सरकारले प्रदान गर्ने भनिएको सहुलियत रकम र ऋण समेत नपाएर उनीहरु कष्ठपूर्ण जीवन बिताउन बाध्य भएको बेला सरकार भने पूर्वविशिष्ठ पदाधिकारीहरुलाई आजिवन विलासी सुविधा दिन हतारिनु आफैंमा दुभाग्यपूर्ण रहेको छ ।*

*सरकारले कुनै मापदण्ड नै नबनाई पूर्वराष्ट्रपति रामवरण यादवलाई सचिवालयसहित गाडी सुविधा उपलब्ध गराएको छ भने पूर्वउपराष्ट्रपति र पूर्वसभामुख सुभाव नेम्वाङलाई समेत विलासी गाडी सुविधा उपलब्ध गराएको छ । अर्कोतर्फ भूकम्पले गर्दा घर गुमाउन पुगेका मानिसहरु बाध्य भएर पुसको कठ्यांग्रिँदो जोडोमा मर्ने अवस्थामा पुगेका छन् । यस्तो संकटपूर्ण अवस्थामा सरकारले पहिले मर्न लागेका आफ्ना जनतालाई बचाउनु पर्ने दायित्वबाट विमूख भएर पूर्वविशिष्ठ पदाधिकारीहरुलाई कुनै मापदण्ड नै नबाई सुधिवा दिन लाग्नुले सरकारको नैतिकता माथि नै प्रश्न उठ्न थालेको छ । भारतको अघोषित नाकाबन्दी र मधेस आन्दोलनले गर्दा आमजनता अभाव, चर्को मूल्यवृद्धि र कालोबजारीले पिल्सिन बाध्य भएका छन् । जिल्ला जिल्लामा औषधी अभाव भएको छ । त्यसैगरी खाद्यान्नको अभाव भई गम्भीर मानवीय संकट उत्पन्न भएको छ । औषधी नपाएर विरामीको मृत्यु हुने अवस्था सिर्जना भइसकेको हुनाले सरकार र मधेसवादी दलहरु गम्भीर हुनुपर्ने अवस्था देखिएको छ । भारतीय अघोषित नाकाबन्दी खुलाउन घनीभूत कुटनीतिक पहल गर्न सरकार चुकिरहेको जस्तो देखिएको छ । त्यसैले सरकारले नाकाबन्दी खुलाउन घनीभूत कुटनीतिक पहल गरेर आमजनतालाई राहत दिने तर्फ सरकार लाग्नु पर्ने बेलामा लामो समयसम्म उच्च पदमा बसेका र राज्यबाट लाभ लिएर राजधानीमै आफ्नो घर-गाडी समेत भएका र राम्रो आर्थिक हैसियत भएका पूर्वविशिष्ठहरुलाई राज्यबाट आजिवन विलासी सुविधा दिई उनीहरुलाई विलासी जीवन बिताउन सुविधा दिन खोज्नु नाजायज कदम मात्र नभएर गरिब मारा नीति नै हो ।*

*पूर्वविशिष्ठहरुलाई राज्यका तर्फबाट सम्मान र सुविधा दिनु राज्यको दायित्व र कर्तब्य हो । सम्मानका नाममा गरिब मुलुकका जनताले तिरेको करबाट विलासी सुविधा त्यसमा पनि आजिव दिइनु किमार्थ उचित हुँदैन । उनीहरुलाई आजिवन सुविधा दिने रकमले दुर्गम जिल्लामा अत्यावश्यक औषधी पुर्‍याएर धेरैको ज्यान जोगाउन सकिन्छ । दुर्गम जिल्लाका जनता सामान्य सिटामोल खान नपाएर अकालमा मृत्युको मुखमा पुग्ने गरेको सरकारमा बस्नेहरुलाई थाहा नभएको होइन । तर यो यथार्थलाई परै राखेर पूर्वविशिष्ठहरुलाई विलासी सुविधा दिन हत्तारिनु र पदबाट बाहिरिनासाथ पूर्वविशिष्ठको नाममा राज्यबाट सुविधा लिने खोज्ने प्रवृत्ति कुनै अर्थमा पनि सही हुन सक्दैन । सरकारले अहिले ३२ जना पूर्वशिविष्ठ पदाधिकारीलाई सुविधा दिन खोजेको छ । पूर्वविशिष्ठहरु थपिने क्रम जारी रहेको र उनीहरुलाई त्यस्तो सुविधा दिँदा राज्यले ३ अर्बभन्दा बढी दायित्व बोक्नु पर्छ । त्यो रकमबाट राज्यले दुर्गम जिल्लामा अत्याधुनिक अस्पताल निर्माण गरेर गरिब नेपाली जनतालाई स्वास्थ्य सेवा दिन सक्छ, तर सत्तामा बस्नेहरुले आफूहरुले मात्र सुविधा लिन आफ्नै लागि निर्णय गर्न थालेका छन् । के लोकतन्त्रको मर्म र धर्म भनेको यही हो त ?*

*सत्ताधारी दलहरुले विभिन्न समयमा आ-आफ्ना मान्छेहरुलाई राज्यकोषबाट ठूलो मात्रामा पैसा बाँड्ने गरेका छन् । त्यसरी रकम पाउनेहरु सबै हुनेखाने र विभिन्न समयमा मन्त्री भइसकेका र राम्रो आर्थिक अवस्था भएकाहरु नै हुन्छन् । विभिन्न क्षेत्रमा रहेका ब्यक्तिहरु राज्यकोषबाट रकम लिँदा र घोषित सुविधा लिँदा आफूहरु ठूलो मान्छे भएको अनुभूति गर्दै हिँड्ने गरेका छन् । राज्यले गरिब र असाहयहरुलाई सुविधा दिनुपर्छ । के पूर्वविशिष्ठहरु गरिब र असाहय हुन त ? पूर्वप्रधानन्यायाधीहरुले त आजिवन पेन्सन सुविधा पाउँछन्, अनि उनीहरुलाई के को सुविधा ? पूर्वविशिष्ठहरु मध्येका राजधानीलगायत मुलुक भरमै कुनै घर जग्गा, सम्पत्ति नभएका ब्यक्तिहरु जस्तै स्व.कृष्णप्रसाद भट्टराई जस्तालाई राज्यले सुविधा दिनु उचित हुनेछ, तर पूर्वशिविष्ठ पदाधिकारी भएकै नाताले सबै सुविधा भएर घर, गाडी भएका ब्यक्तिहरुलाई सुविधा दिनु सरासर गलत प्रवृत्ति हो । त्यसकारण भट्टराईजस्ता ब्यक्तिलाई राज्यले सुविधा दिनुपर्ने र अन्य ब्यक्तिहरुलाई दिइन लागेको सुविधा सम्बन्धी निर्णय तत्काल बन्द गरिनु पर्छ । पूर्वविशिष्ठको नाममा गरिने फजुल खर्चले सरकारको विश्वसनीयतामाथि नै प्रश्न उठ्न सक्छ । त्यसले आम जनताको विश्वासमाथि ठेस पुग्छ भन्ने हामीले ठानेका छौं । त्यसैले सुविधा दिने निर्णय तत्काल बन्द हुनुपर्छ भन्ने हाम्रो अडान रहेको छ ।*

# कठै विचरा भिखारी पूर्वविशिष्ठ पदाधिकारीहरू

*देवेन्द्र चुडाल*

वैशाख १२ मा गएको भूकम्प गर्दा अहिले हजारौं भूकम्पपीडितहरू हिउँदको चिसो जाडोमा जिउन बाध्य भएका छन् । उनीहरूलाइ सरकारले उपलब्ध गराउने भनिएको सुविधा समेत पाउन नसकिरहेका बेला सरकारले भने सरकारी उच्च पदमा रहेर कार्यकाल सकिएका पूर्व विशिष्ठ पदाधिकारीहरूलाई आजिवन विलासी सुविधा दिने निर्णय गर्न लागेको समाचारले नेपाली जनता आक्रोशित भएका छन् । केही समय पहिला पनि सरकारले यस्तो सुविधा दिने निर्णय गर्न लागेको थियो । त्यसबेलाका गृहमन्त्री वामदेव गौतमले संसदमा त्यस्तो विवादास्पद प्रस्ताव नै पेश गरेका थिए । तर त्यसैबेला सर्वोच्च अदालतमा रिट निवेदन परेको र अदालतले कानुन बनाएर मात्र त्यस्तो सुविधा दिन आदेश दिएपछि उक्त प्रस्ताव फिर्ता लिन गौतम बाध्य भएका थिए । पछिल्लो समयमा उच्चस्तरीय राजनीतिक संयन्त्रका अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री एवं एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालको निर्देशनमा गृहमन्त्रालयले फेरि पूर्वविशिष्ठलाई त्यस्तो सुविधा उपलब्ध गराउने प्रपञ्च रचिरहेको छ । यो योजनाअनुसार देशका पूर्वराष्ट्रपति, उपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख र पूर्वप्रधानन्यायाधीशलाई सरकारले आजिवन विलासी सुविधा दिने निर्णय हुन लागेको छ । आजिवन सुविधा पाउनेहरूले आवास, मासिक तलब, स्वकीय सचिवालयदेखि गाडी, इन्धन, मर्मतसहित चालकसम्मको सुविधा पाउने छन् । सरकारले कुनै कानुन नै नबनाई अवैधानिक रूपमा पूर्वराष्ट्रपति डा.रामवरण यादव, उपराष्ट्रपति परमानन्द झा र पूर्वसभामुख तथा सांसद सुवासचन्द्र नेम्वाङलाई त्यस्तो सुविधा उपलब्ध गराइसकेको छ । जस अनुसार पूर्वराष्ट्रपति यादवलाई अत्याधुनिक सुविधायुक्त गाडीसहित मासिक दुई सय लिटर पेट्रोल, मर्मत खर्च मासिक २४ हजार, घर भाडा मासिक १ लाख ३० हजार, मासिक वृत्ति ५० हजार र स्टेशनरी मासिक २४ हजार तथा सरकारका उपसचिव एक, नायव सुब्बा एक र भान्सेसहितको चार जनाको स्वकीय सचिवालय उपलब्ध गराएको छ भने त्यसबाहेक ३० जना सुरक्षाकर्मीसहित स्कटिङको सुविधा समेत राज्यले उपलब्ध गराउँदै आएको छ ।

राजनीति गरेर विशिष्ठ पदमा रहेका र पूर्व भएका व्यक्तिहरूलाई दिईने यो आजिवन सुविधा योजना अनुसार पहिलो चरणमा पूर्वराष्ट्रपति, उपराष्ट्रति, प्रधानमन्त्री, सभामुख र पूर्वप्रधानन्यायाधीश कति जना हुन्छन् वा छन् भन्ने सजिलै अनुमान गर्न सकिन्छ । अहिलेसम्म त्यस्तो सुविधा पाउनेहरूको संख्या ३२ जना रहेको छ भने क्रमशः त्यो संख्या थपिँदै जानेछ । पूर्वसभामुखहरूको संख्या चार पुगिसेकको छ भने बहुदलीय व्यवस्था आएपछि प्रधानमन्त्रीहरूको संख्या समेत थपिँदै गएको छ । राजनीति रूपले समेत मुलुक आक्रान्त बनेको र ६/६ महिनामा सरकार परिवर्तन भइरहने भएकाले पूर्वप्रधामन्त्रीरूको संख्या थपिँदै जाने प्रायः निश्चित जस्तै छ । सर्वोच्च आदतलका प्रधानन्यायाधीशहरूको संख्या पनि झन्डै त्यस्तै क्रममा रहेको छ । केही पूर्वप्रधानन्यायाधीशहरूको कार्यकाल ६/६ महिना रहेको थियो । अब आउँदो चैत्र महिनामा हालका प्रधानन्यायाधीशले पनि अवकाश पाउने भएकाले उनले समेत आजिवन विलासी सुविधा पाउने भएका छन् । अहिले नै नेपालमा मन्त्री भएकाहरूको संख्या झण्डै १२ सयभन्दा बढी रहेको छ । यस्तो अवस्थामा राजनीतिज्ञहरूलाई राज्यले कति सुविधा दिने र कसकसलाई दिने ?

केही वर्ष पहिला पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई राज्यले आश्रम बनाइदियो । भट्टराई त्यही आश्रममा बसे, त्यही आश्रममा बस्दा बस्दै उनको निधन भयो । अहिले पनि त्यो आश्रम नेपाल सरकारको नाममा रहेको छ । भट्टराईलाई राज्यले आश्रम बनाइदिएर त्यहाँ बस्न दिएकोमा नेपाली जनताले सरकारको प्रसंशा नै गरेका थिए । त्यसको एउटै कारण थियो, भट्टराईका कोही पनि थिएनन् र केही पनि थिएन । उनीसँग अहिले सुविधा पाउनेहरूको जस्तो जग्गाको धनीपुर्जा पनि थिएन, बैंक ब्यालेन्स पनि थिएन । न त गाडी नै न त घर नै । भट्टराईले पैसा कमाउने कुनै काम नै नगरेका हुनाले उनी एक प्रकारले जोगी जस्तै थिए । त्यसैकारण उनलाई राज्यले सुविधा दिनु उचित थियो । तर अहिले राज्यबाट विलासी सुविधा लिनेहरूलाई हेर्ने हो भने उनीहरूको कठमाडौंमा घर, जग्गा, लाखौं बैंक ब्यालेन्स, सम्पत्ति आर्जन गर्ने व्यवसाय समेत रहेको देखिन्छ । अनि उनीहरूसँग लाखौं लाख पर्ने सवारी साधानहरू समेत रहेका छन् । यहाँनिर प्रश्न उठ्छ अनि किन त्यस्ता व्यक्तिहरूलाई राज्यले विलासी सुविधा उपलब्ध गराउने ? राजनीतिज्ञले पेन्सन खान पाउने सुविधा विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा पाइँदैन । राष्ट्रपति र उपराष्ट्रपति भएका व्यक्तिहरू फेरि राजनीतिमा नआउने वा राजनीतिमा सक्रिय नहुने भए मात्र उनीहरूलाई राज्यले सुरक्षालगायतका अन्य सुविधा उपलब्ध गराउनु पर्छ । उनीहरूको राजधानीमा वा कहीँकतै घर जग्गा नभएको खण्डमा उचित सुविधा दिनु राज्यको दायित्व र कर्तव्य भएपनि उनीहरूलाई पेन्सन सुविधा दिनु किर्माथ उचित हुँदैन ।

अहिलेका धेरै नेताहरू लोकसेवा आयोगको परीक्षामा असफल भएर राजनीतिमा लागेका व्यक्तिहरू हुन् । उनीहरूले पहिला जागिर खाएर आजिवन पेन्सन आउँछ भन्ने सोचेका थिए । तर, उनीहरू असफल भए अनि राजनीतिमा लागेर फेरि पेन्सन खान र्‍याल चुहाइरहेका छन् । राज्यमा उनीहरूकै ढलीमली भएपछि उनीहरूको पहिलाको सपना पुरा गर्ने उद्देश्य देखिएको छ । राज्यबाट सुविधा लिएका व्यक्तिहरूले फेरि राजनीतिमा सक्रिय हुने वा अन्य काममा सक्रिय हुने हो भने राज्यबाट पाउने सुविधा त्याग्न सक्नुपर्छ । पछिल्लो समयमा पूर्वसभामुख सुवास नेम्वाङले सुविधामा लिएको गाडी चढेर फिस लिएर सर्वोच्च अदालतमा बहस गर्न गएको चर्चा त्यसै चलेको होइन होला । पूर्वसभामुख अनि सांसद समेत रहेका व्यक्ति अदालतमा बहस पैरवी गर्न जाँदा न्यायाधीहरूले के निष्पक्ष न्याय दिन सक्छन् ?

राज्यबाट सुविधा लिएका व्यक्तिहरूले राज्यबाट दिइने सुविधाको दुरूपयोग गर्दै फेरि राजनीतिमा सक्रिय हुन खोज्नु सुविधा दुरूपयोग हो । राज्यले पूर्वविशिष्टहरूले गरेको योगदानलाई कदर गरेर सुविधा दिने हो, तर सुविधा पनि लिने अनि फेरि राजनीति पनि गर्ने परम्परा कायम गरिए मुलुकले कहिल्यै पनि काँचुली फेर्न सक्दैन । राज्यले सुविधा दिएका व्यक्तिरूको अगाडि पछाडि सुरक्षाकर्मीहरू हुने, तर एउटा साधारण व्यक्तिले कुनै न्याय नपाउने अवस्था देखिएको अवस्थामा जनतामा त्यसको कस्तो प्रभाव पर्ला ? के हाम्रा राजनीतिज्ञहरूले त्यसको लेखाजोखा गरेका छन् ? कर्मचारीलाई पेन्सन दिएजस्तो राजनीतिज्ञलाई पेन्सनको व्यवस्था गरिएको खण्डमा त्यस्तो राजनीतिले देशलाई कंगलमात्र बनाउँदैन, जनता अभाव र महँगीमा बाँच्न बाध्य हुन्छन् । राजनीति भनेको कुनै व्यवसाय वा जागिर नभर समाजसेवा हो, समाजसेवा गर्नेले कुनै मूल्य लिँदैनन् र उनीहरूले जनताको सेवा गरेवापत जनताले उनीहरूलाई चुनावमा जिताईदिन्छन् । उनीहरूको पुरस्कार भनेको त्यही हो । तर हाम्रा राजनीतिज्ञहरू पछिल्लो समयमा कर्मचारीले पेन्सन पाएजस्तो पेन्सन पाउनु पर्छ भन्न थालेका छन् । एउटा कर्मचारीले पेन्सन पाउनु जायज हो, किनभने उसले राष्ट्रका लागि समय दिन्छु भनेर निश्चित उमेरभरी त्यसैमा लाग्छ । त्यसका लागि उसले आफ्नो स्वतन्त्रता समेत छाडेको हुन्छ, त्यही सर्तमा उसलाई जागिर छाडेपछि राज्यले उसलाई क्षतिपूर्तिवापत पेन्सन उपलब्ध गराउने हो । तर राजनीतिज्ञले आफ्नो व्यवसाय पनि गरिरहेका हुन्छन्, स्वतन्त्रताको पनि अधिकतम प्रयोग गरिरहेका हुन्छन् र पदमा रहेका बेला उसले तबलभत्ता लगायतका अन्य सबै सुविधाहरू पनि लिएकै हुन्छन्, त्यसैले पद गएपछि पनि ती सबै सुविधाहरू लिन खोज्नु सिधै डकैती गर्नु बाहेक अन्य केही हुन सक्दैन । यिनीहरूलाई प्रहरी र सेनाको सुरक्षा दिने नाममा राज्यको कति पैसा डुब्छ ? एउटा सिपाहीलाई राज्यले झण्डै आठ/नौ लाख खर्च गरेको हुन्छ । ३०-३५ को सुरक्षा दस्ता एउटा व्यक्ति कहाँ पठाउँदा राज्यको कति पैसा स्वाहा हुन्छ । गरिब नेपाली जनताले तिरेको करमाथि ब्रम्हलुट मच्चाउने अधिकार कसैलाई छैन । जनताले त आफ्नो भविष्य सप्रियला भनेर प्रतिनिधिहरू पठाएका हुन् । तर तिनै प्रतिनिधिहरूले तिनै जनतालाई खाल्डोमा हालेर आफूहरूले राज्यबाट विलासी सुविधा लिनु खोज्नु कहाँको न्याय हो ? त्यसैले गरिब, भिखारीहरूलाई केही दिएजस्तो गरी पूर्वविशिवष्ठहरूलाई विलासी सुविधा दिँदा उनीहरूको मान, प्रतिष्ठा बढ्दैन, बरू जनताको नजरमा घट्छ । त्यसैले पूर्वविशिष्ठ पदाधिकारीहरूलाई विलासी सुविधा दिनु किमार्थ उचित हुँदैन ।

पूर्वराष्ट्रपति, उपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायधीश र पूर्वसभामुखलाई जिविकोपार्जनका लागि कसरी अगाडि बढ्ने भन्न स्पष्ट नै छ र हुनुपर्छ । पूर्वराष्ट्रपति यादवको घरजग्गा छ, उनको परिवार छ । त्यसैगरी अन्य सबैको घरजग्गा र परिवार समेत छ, उनीहरूले परिवार राम्रोसँग पाल्न सक्छन् र पालेकै पनि छन् । पूर्वराष्ट्रपति यादव र उपराष्ट्रपति बाहेकका अन्य सबै पूर्वविशिष्ठहरू राजनीतिमै सक्रिय भएका र सबै नै पदमै रहेकाले उनीहरूलाई आजिवन विलासी सुविधाको आवश्यकता नै छैन । उनीहरूलाई दिने सुविधाले दुर्गम जिल्लामा बसोबास गर्ने गरिब जनताका लागि आधुनिक अस्पताल निर्माण गरेर जनताको सेवा किन नगर्ने ।

बोनसमा बाँचेका प्रधानमन्त्री केपी ओलीले चाहेको खण्डमा यस्तो अव्यवहारिक निर्णय रोक्न सक्छन् । देशको हितमा र जनताको सेवा गर्छु भन्ने भावना लिएर ओली प्रधानमन्त्री भएका हुन भने उनले राष्ट्रिय सम्पत्तिमाथि हुन लागेको लुटलाई सहजै रोक्न सक्छन् र उनी नेपाली जनताका नजरमा समेत राष्ट्रिय सम्पत्ति बचाउने व्यक्तिका रूपमा चिनिन सक्छन् । जसरी उनले भारतको नामै नलिइकन जुन नेपाली स्वाभिमान देखाएर आत्मगौरव प्रदर्शन गरे त्यस्तै आँट गर्ने व्यक्तिले मात्र त्यस्तो लुट रोक्न सक्छन्, अब ओली त्यसबाट पछि हट्नु हुँदैन । नत्र उनको अहिलेको आँट र प्रदर्शन माथि पनि प्रश्नचिन्ह उठ्न सक्छ र अहिले उनले देखाएको व्यवहार पनि देखावटीमै परिणत हुन सक्छ ।

devendrachudal@gmai.com

# मार्क्स, लेनिनवादी एमालेभित्र स्टालिनवाद



राजन कार्की

मार्क्स, लेनिनवादी एमालेभित्र स्टालिनवाद, अहिले विश्लेषकहरू यही विश्लेषण गरिरहेका छन् । एमालेको चितवन बैठकले 'बहुराष्ट्रिय राज्यको वकालत खतरनाक' भन्ने निष्कर्ष निकाल्यो । यो निष्कर्षलाई जातीय र क्षेत्रीय संघीयता बनाउनैपर्छ भन्नेहरूले 'एमालेको आँखामा फुलो पऱ्यो, एमालेलाई अल्जाइमर्स लाग्यो' भन्ने तिक्ततामात्र पोखेनन्, ओली नेतृत्वको एमाले मार्क्स–लेनिन छापे स्टालिनवादी भएछ भन्ने दोष लागेको छ ।

कुन पार्टी चोखो रह्यो र ? हुन त दोषी को छैन ? चोखो र पवित्र को छ ? एमाओवादी ? ठूला घर, जमिन्दारका जग्गा, जागीर सबै पाइन्छ, सर्वहाराको राज्य हुन्छ भनेर जनयुद्ध गरेको एमाओवादीले १७ हजारको ज्यानको खति गरायो । खोदा पहाड, निकला चुहा भन्ने उखानझैं नतिजा के निस्क्यो ? भारतवाद, सामन्तवाद, दमनवाद, लुटवाद । विवेकहीन–राजनीतिक अधर्मी पनि यिनै रहेछन् । ०६३ सालदेखि जे देखियो, ती सबै राजनीतिक घटनाक्रमलाई एक एक गरेर पल्टाएर हेरौं, सत्ता र स्वार्थको पोको पनि यिनै साबित भए । एमाओवादीमा जस्तो हिटलरवाद अरू दलमा देखिदैन । भर्खर भूकम्पपीडितका नाममा एमाओवादीका सन्तानलाई चीन भ्रमणमा पठाइयो, तिनको लोकतन्त्रवाद यही हो । यो त दोषमात्र होइन, कलंक नै हो । साना कम्युनिष्ट पार्टीहरूको के कुरा गर्नु ? चित्रबहादुर केसी त सत्तामा गए, नारायणमान विजुक्छे आफ्नो आङमा भैंसी चराएर मधेसी मोर्चा र भारतको आङको जुम्रा केलाउन थालेका छन् । यिनले भूकम्प, आन्दोलन र नाकावन्दीपीडितको बेहाल कस्तो छ, सडकतिर हेरेकै छैनन् । जेएनयुको उत्पादन डा.बाबुराम भट्टराईलाई माथ गर्ने भारतवादीहरू प्रत्येक ठूलासाना दलभित्र थुप्रै रहेछन्, धमाधम तिनको मुखुण्डो उत्रिन थालेको छ । दिल्लीको बासमती चामलको बासीभातलाई मीठो स्वादिलो मानेर खानेहरूले नेपाली गुन्द्रुकढिँडोलाई बिस्थापित गर्ने खतरा बढ्दै गएको छ । जुन खालका घटनाहरू १९७५ अप्रिल २६ अघिका दिनहरूमा सिक्किममा घटेका थिए, त्यस्तै घटनाक्रम बिस्तारै नेपालमा पनि बढ्न थालेका छन् । स्मरणरहोस्, सिक्किमका ३२ सभासदमध्ये ३१ ले आफ्नो देशलाई भारतमा बिलय गराउने प्रस्तावमा ल्याप्चे ठोकेका थिए । सिक्किम नेशनल पार्टीका एकजना एनवी खतिवडा सिक्किम भारतको २२औं प्रान्त बन्दा रोए । उनी आजसम्म आफ्नो देशको राष्ट्रिय फूल सुनाखरी सुमसुम्याएर बसेका छन् । नेपालमा चन्द्रसूर्य अंकित झण्डा र लालीगुराँस मान्ने र नमान्नेवीच मतभेद सुरू भइसक्यो । राष्ट्रिय झण्डा च्यात्ने, झण्डा नमान्ने र गाई काटेर खान पाउनुपर्छ भन्नेहरू संसददेखि सडकसम्म बाक्लै देखिन्छन् ।

भारतीय हस्तक्षेपका सामु सिक्किमी राष्ट्रवादको त्यो बिजोक । आज भारतकै हस्तक्षेपका कारण नेपाली राष्ट्रवाद छटपटाउन थालेको छ । नेताहरू दुईजिब्रे छन्, लेण्डुपे स्वार्थका सामु लम्पसार पर्न बेर लाउँदैनन् । जनताको राष्ट्रवाद जाग्न त जाग्यो, बिद्रोही शक्ति बन्न सकेको छैन । त्यही कारण नेपाली जीवन छरपस्ट भइरहेको छ ।

असोज ३ गते जारी भएको संविधान असन्तुष्टिको आगो बन्यो, त्यो धुनीमा मधेसी मोर्चा र भारतले खली खेल्यो, एक भारतीय सहित ५३ जना मारिदा पनि आगो निभेको छैन । मंसिर २९ गते संविधान संशोधन प्रस्ताव जबरजस्ती संसदमा पेश भएको छ, यसमा सिमांकन संशोधनको प्रस्ताव छैन भनेर मधेसी मोर्चाले नमान्ने उद्घोष गरिसक्यो । थारू, लिम्बुवान, बाहुन क्षेत्रीको बिबाद जारी नै छ । धर्मको मुद्दा उर्लिने तैयारी सुरू भइसक्यो । शान्तिका नाममा संविधान त जारी भयो, त्यो संविधान दिगो शान्ति र स्थिरताको मौलो बन्न सकेन । संविधानलाई नयाँ नेपालको खाकाका रूपमा परिभाषित गर्ने असफल प्रयास भइरहेको छ ।

जनताको संविधान जनताकै माझ प्रचारात्मक कार्यक्रम ल्याउनु पऱ्यो । मंसिर १५ मा सुरू भएको त्यो सत्तारूढको प्रचार कहाँबाट सुरू भएर कहाँ पुग्यो अथवा कहाँ थन्कियो, अत्तोपत्तो छैन । यस्तो प्रचारका लागि पार्टीकै कार्यकर्तालाई राजस्व लुटाउने कामसमेत भयो । यिनीहरू आफूलाई राष्ट्रवादी भनेर फुइँकी लाउँछन् ।

अर्थात्, संविधानले राष्ट्रिय समस्यालाई संकट बनायो । ऐंजेरू बन्यो संविधान । ऐंजेरूले जसरी रूखविरूवा मासिदिन्छ, संविधानले नयाँ नेपालका नाममा राष्ट्रलाई आन्दोलन, असन्तुष्टिको अन्धकारमय बनाइदिने हो कि भन्ने आशंका उठ्न थालेको छ ।

संघीयता खिल पल्ट्यो । यो खिल अहिले नै झिक्न सकिएन भने क्यान्सर हुन पनि सक्छ । बहुजातीय र भौगोलिक विषमतालाई सुन्दरता, एकता र विशेषताका रूपमा स्वीकार गर्दा राजनीतिक लाभ लिन नसक्ने देखेर संघीयतालाई जाति, भाषा, भेष, भेगमा बिभाजित गर्नुपर्छ भन्ने विषालु मुद्दा उठाए यिनले । मुद्दाको जग एमाओवादीले खन्यो र त्यो मुद्दालाई आन्दोलनको साँचोमा मधेसी मोर्चाले ढाल्यो । मधेसी मोर्चाको आन्दोलनलाई भारतले सघायो । अस्थिरता र अराजकताको बलीबेदीमा संविधान तङ्ग्रङ्ग झुण्डिरहेको छ ।

अव संविधान जारी गर्ने ९१ प्रतिशत जनप्रतिनिधिको शक्तिको ढाडमा हाड छ कि छैन भनेर परीक्षण हुनेबेला आयो । कि त संघीयताबाट फर्कनुपऱ्यो र बिकेन्द्रीकरणलाई मलजल गर्न तैयार हुनुपऱ्यो । कि, ५ विकास क्षेत्रजस्तै उत्तरदक्षिणको संघीयताको निर्णय गर्नुपऱ्यो । साउन ३० मा सुरू भएको मधेस आन्दोलन र असोज ६ देखि भारतले गरेको नाकाबन्दी चलिरहनु राष्ट्रका लागि खतरा भइसक्यो । आन्दोलन र नाकावन्दीको ओखती यिनै दुई विकल्प हुन् ।

पूर्वविशिष्टहरूलाई बिलासी भत्ता दिनु भनेको देश लुट्नु हो । ओली सरकार विकल्पहीन भएर सत्तामा बसिरहनु भनेको निर्लज्जता हो । देश यसरी लुटतन्त्र चलाएर अथवा निर्जिव भएर ढुंगाजस्तो थुप्रिएर बस्न सक्दैन । देश चल्नुपर्छ, चलायमान हुनुपर्छ । देश चल्नु भनेको जनताको सक्रियता हो । सहज जनजीविका हो । देशका सञ्जाल अङ्गहरू जिवन्त नहुनु भनेको देश असफल हुनु हो । केपी ओलीको सती देश जानसक्दैन । ओली केही गर्न सक्दैनन् भने उनले पदत्याग गर्नुपर्छ । सक्नेका लागि ठाउँ खाली गरिदिनुर्छ । दोष राजनीतिक दलहरूसँगै सरकार र संसदको निधारमा पनि लागेको छ । कोही पनि पानीमाथिको ओभानो छैनन् ।

संसद सार्वभौम हो भने– यति लामो समय आन्दोलन र नाकावन्दीबारे किन बहस गर्दैन ? सरकार लोकतान्त्रिक हो भने लोकतन्त्रविपरितका विदेशी नाकावन्दीबारे सार्क, विश्वव्यापार संघ, अन्तर्राष्ट्रिय अदालत र राष्ट्रसंघमा किन उजूरी दर्ता गर्दैन ?

यसको अर्थ जनप्रतिनिधि जागा छैनन् । यी पानीमरूवाहरू दिनदिनै अलि अलि गरेर जनता मरेको टुलुटुलु हेर्न सक्छन्, यसरी हेर्नेहरू दयाका पात्र हुन् ।र, जनतामा राष्ट्रवादको प्रचूरतामा शंका छैन । तर, लामो लाइनमा बसेर महिनाको ५ लिटर पेट्रोल, मटितेल थापेर शान्त बस्नसक्ने जनता देखेर आश्चर्य लाग्छ । पैसावालाका लागि कालोबजार छ, कमाइखानेका लागि न रोजगारी खोसियो, आपूर्ति व्यवस्था केही छैन । त्यसमाथि अभाव, असहजता र महगीको मार । तैपनि जनता उठ्दैनन् । जनताभित्रको सुसुप्त राष्ट्रवाद बोल्छमात्र, जाग्दैन । जागेर बिद्रोही शक्ति नबनेसम्म संसद, सरकार, जनप्रतिनिधि जिम्मेवार बन्दैनन् । देश र जनताको शोषण गर्नुलाई यिनीहरूको परिभाषामा लोकतन्त्र भइरहनेछ ।

निरंकूशता पन्छाएर लोकतन्त्रवाद ल्याउने जनता नै हुन् । जनयुद्धकारी, डाक्टरी, न्यायाधीश, प्रजातन्त्रवादीपछि झापा काण्डका बिद्रोहीको शासन पनि भोगियो । यो दशपासे शासक बर्गले पनि कुनै लछारपाटो लगाउलान् भन्ने आशा मऱ्यो अव । देशले लोकतान्त्रिक निरंकूश प्रकृति शासन खोज्यो अव । लीक्वान यु निरंकूश थिए, उनले न लोकतन्त्र मासे, न देश । उनले सिँगानपुरलाई सिंगापुर बनाएर बिदा लिए । उनीजस्तै असली देशभक्त नेपालको आवश्यकता हो । जसले राष्ट्रवादलाई खरो नेपाली जीवनपद्धतिमा उतारिदेओस् ।

अन्यथा यी लोकतान्त्रिक साइनबोर्ड झुण्ड्याएर देश लुटिरहनेछन् । लोकले लोकतन्त्र देख्न पाउनेछैनन्, लुटिन्छन् मात्र ।लोकतन्त्रमा बोल्न र बिरोध गर्न त पाइएको छ । तर सुनवाई कतै केही हुँदैन भने लोकतन्त्रको के अर्थ रह्यो र ?भारतका पाठ्यपुस्तकमा नेपाल छिमेकी मुलुक भनेर पढाइन्न । भारतखण्डे जम्मुदिपे भनिन्छ । विश्वमै खुला सीमा भएको दुईदेश नेपाल र भारतमात्र हो । अन्तर्राष्ट्रिय नियम, कानुन, मान्यता, घोषणा, सहमति नमान्ने मुलुक भारतमात्र हो । तैपनि नेपालले आफूलाई सम्हाल्न सकेन । एकतावद्ध राख्न पनि सकेन । कहिल्यै विदेशी पराधीनता नभोगेको नेपालको यस्तो कन्तबिजोग ?

हो, भारतको नाकावन्दी र मधेसी मोर्चालाई उसले दिएको समर्थनले नेपालमा राष्ट्रवाद जागेको छ । १२ बुँदे दिल्ली सम्झौता भएपछि पनि नेपाली राष्ट्रवाद जागेको थियो । १९५० को सन्धिको विरोधमा मौसमी रूपमा हामीभित्र राष्ट्रवाद जागिरहन्छ । १९९०, १० जुनको सहमति होस् अथवा १९९६ फ्रेब्रुअरीको आधारातमा महाकाली सन्धि पारित हुँदा पनि नेपालको राष्ट्रवाद जागेकै थियो । डा.बाबुराम भट्टराईले एयरपोर्टको जिम्मा भारतलाई दिन लाग्दा वा नेपाल आधा उत्तर र आधा दक्षिणतिर मर्ज हुनेछ भन्दा पनि नेपालीहरूमा राष्ट्रवाद जागेकै हो । प्रत्येक दिन, हप्ता, महिनाजसो भारतले सीमानाकाहरूमा गरेको विविध प्रकारका अतिक्रमण गरिरहदा पनि हाम्रो राष्ट्रवाद जाग्नेगर्छ । यस्तो जगाइ भनेको पानीको फोका उठेर फुट्नुजस्तै हो । शक्ति होइन ।

यथार्थ के हो भने हाम्रो राष्ट्रवाद बिद्रोही शक्तिको रूपमा उम्लिनै सकेन, न हाम्रा राजनीतिक नेतृत्व भाषणको राष्ट्रवादबाट व्यवहारिक राष्ट्रवादमा ओर्लिन सके । भारतप्रति झुक्तै गएको राजनीतिले राष्ट्रवादलाई शक्तिमान हुनै दिएन । जनतालाई दल दलमा बिभाजित गरेर भासे, जसका कारण राष्ट्रवाद बलशाली हुन नसकेको हो ।

हाम्रो नयाँ पुस्ता पञ्चेबाजा अथवा गुन्युचोली बुझ्न छाडिसक्यो । हिन्दी गाना, इण्डियन खाना, डिस्को डान्स र फिल्मी फेसनले हाम्रो समाजलाई ढपक्कै ढाकिसकेको छ । संस्कृति मासिदिएपछि परनिर्भर पार्न सकिन्छ भन्ने भारतीय मनोविज्ञानले नेपालीको मानसिकतालाई भारतीयकरण गर्दै गर्दै लगेको छ । अंग्रेजबाट फुटाउ र राजगर, परपीडक बनेर शासन गर भन्ने ज्ञान पाएको भारतले नेपालमाथि त्यही रसायन प्रयोग गरेर हामीलाई बिपतमा पारिरहेको छ, तर्साइरहेको छ । भारतको हिजो जुन रणनीति थियो, आज पनि त्यही रणनीति छ । हामी त्यसको प्रतिकार गर्न सकिरहेका छैनौं । हामीभित्र राष्ट्रवाद त छ, त्यो प्रतिकार गर्नसक्ने, जान्न घन बन्न सकेन । हामीभित्रको नेपालवादले शक्तिको रूप धारण गरेकै छैन । अमेरिकी विद्वानले भनेका छन्– नेपालको शक्ति नेपाली एकता हो । हामी हाम्रो शक्तिलाई बिबादमा मुछेर कमजोर बनिरहेका छौं । न जनता जागेका छन्, न जनप्रतिनिधि । सुसुप्त राष्ट्रवादले हामीलाई वल्लो तीर न पल्लो किनार पार्दै लगेको छ ।

अराष्ट्रिय राजनीतिलाई परास्त गर्ने हो भने, विदेशी हस्तक्षेप र हैकमलाई निरस्त पार्ने हो भने हामीभित्रको उकुसमुकुस राष्ट्रवादलाई शक्तिका रूपमा बदल्नैपर्छ । जनता जागरूक हुनासाथ, जनप्रतिनिधि स्वतः यो जागरूकतामा मिसिन आउनेछन् । विपत र बित्यासमा रोएर, पिल्सिएर, बस्ने होइन अव, जनताले हस्तक्षेप गर्ने बेला यही हो । जनताको संचेतना भनेको लोकतन्त्रको मजबुती पनि हो । अन्यथा लोकतन्त्र यस्तै यस्तै लुटीखाने आडम्बर बनिरहनेछ ।

**अराष्ट्रिय राजनीतिलाई परास्त गर्ने हो भने, विदेशी हस्तक्षेप र हैकमलाई निरस्त पार्ने हो भने हामीभित्रको उकुसमुकुस राष्ट्रवादलाई शक्तिका रुपमा बदल्नैपर्छ । जनता जागरुक हुनासाथ, जनप्रतिनिधि स्वतः यो जागरुकतामा मिसिन आउनेछन् । विपत र बित्यासमा रोएर, पिल्सिएर, बस्ने होइन अव, जनताले हस्तक्षेप गर्ने बेला यही हो । जनताको संचेतना भनेको लोकतन्त्रको मजबुती पनि हो । अन्यथा लोकतन्त्र यस्तै यस्तै लुटीखाने आडम्बर बनिरहनेछ ।**

# कच्चा तेलको मूल्य घटेको घट्यै

काठमाडौं । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य ७ वर्षयताकै न्यून बिन्दुमा झरेको छ । शुक्रबार साँझसम्म कच्चा तेलको मूल्य ३७.९३ डलर प्रतिब्यारेल (१ सय ५९ लिटर)मा झरेको छ ।

नेपालमा भने भारतीय नाकाबन्दीका कारण पर्यँप्त इन्धन आपूर्ति नहुँदा आयल निगमले मूल्य समायोजन गर्न नसक्दा नेपाली बजारमा तेलको मूल्य भने घट्न सकेको छैन । १ वर्षअघि अन्तर्राष्ट्रिय बजारमा प्रतिब्यारेल तेलको मूल्य १ सय डलरको हाराहारीमा थियो । त्यतिखेर नेपालमा पेट्रोलको मूल्य १ सय ३४ रूपैयाँ ५० पैसा र डिजेलको १ सय ५ रूपैयाँ ५० पैसा थियो । भदौमा भने कच्चा तेलको मूल्य ठूलो मात्रामा घट्दै ४७ डलर प्रतिब्यारेलमा आएको थियो । त्यतिखेर नेपाली बजारमा पेट्रोल १ सय ४ रूपैयाँ र डिजेल ८२ रूपैयाँ निर्धारण गरिएको थियो । तर, कच्चा इन्धन मूल्य घटदा नेपाली बजारमा पेट्रोलियम मूल्य यथावत् छ ।

अन्तर्राष्ट्रिय बजारमा ३१ डिसेम्बर २००८ मा ब्रेन्ट कच्चा तेलको मूल्य ३७.९३ डलर प्रतिब्यारेल थियो । अघिल्लो शुक्रबार साँझ बजार बन्द हुँदा पनि ७ वर्षअघिकै बिन्दुमा कच्चा तेलको भाउ निर्धारण भएको थियो । विश्वभर तेलको उत्पादन झन् बढिरहेका कारण आउँदा दिनमा मूल्य अझै घट्ने अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले जनाएको छ ।

'सन् २०१६ मा कच्चा तेलको मूल्यमा अझै धेरै दबाब पर्ने देखिन्छ,' एजेन्सीले भनेको छ, 'माग धेरै कम भए पनि तेल उत्पादक देशहरु आपूर्ति घटाउन तयार देखिएका छैनन् ।' एजेन्सीले प्रत्येक महिना तेलको रिपोर्ट सार्वजनिक गर्दै आएको छ । प्रमुख पेट्रोलियम पदार्थ उत्पादन गर्ने सदस्य राष्ट्र इरान तथा इराकले आफ्नो देशमा भएका द्वन्द्वका कारण अर्थतन्त्रमा परेको असर उकास्न तेल उत्पादन बढाएका छन् । त्यसको असर मूल्यमा परेको रिपोर्टमा उल्लेख छ ।

गत सोमबार पेट्रोलियम पदार्थ निर्यातकर्ता देशहरूको संगठन (ओपेक)को बैठकले तत्कालै तेल उत्पादनको दरमा कटौती नगर्ने रणनीति सार्वजनिक गरेपछि झन् तेज गतिमा तेलको मूल्यमा गिरावट आएको छ । ओपेकमा इरान, इराक, कुवेत, साउदी, भेनेजुयला, कतार, इन्डोनेसिया, लिबिया, युएई, अल्जेरिया, नाइजेरिया, इक्वेडर, र एंगोला सदस्य राष्ट्र छन् ।

ओपेकले सन् २०१६ मा तेलको माग झन् बढ्ने आँकलन गरेको छ । माग बढ्ने भएका कारण उत्पादन झन् बढाउनुपर्ने उसको तर्क छ । यो वर्ष प्रत्येक दिन ९२.८८ मिलियन ब्यारेलका दरले इन्धनको माग भएकामा सन् २०१६ मा बढेर ९४.१३ मिलियन ब्यारेल पुग्ने ओपेकको आँकलन छ । आपेकले नोभेम्बर महिनामा प्रत्येक दिन २ सय ३० ट्रिलियन ब्यारेल कच्चा तेल उत्पादन गरेको जनाएको छ ।

**२० डलरसम्म झर्न सक्छ**

विश्वभर लगानी व्यवस्थापनबारे जानकारी दिने अमेरिकी ब्रोकर कम्पनी गोल्डम्यान सचको एक अध्ययनले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको चाहिनेभन्दा बढी आपूर्ति भएको जनाएको छ । त्यसको ठीकविपरीत माग परिमाण घटेको छ र यसको असर मूल्यमा परिरहेको छ । जाडो मौसम सुरू भइसकेकाले इन्धन खपत बढ्दै जाँदा उत्पादन झन् बढ्ने र कच्चा तेलको मूल्य २० डलर प्रतिब्यारेलमा झर्न सक्ने आँकलन गरिएको छ । त्यस्तै, तेल उत्पादक र निर्यातकर्ता देशहरूको संगठन (ओपेक)ले सन् २०१६ मा ५० लाख ब्यारेल उत्पादन बढाउने घोषणा गरिसकेका छन् ।

# Indian Role Behind East Pakistan's Separation

16th December is the day of tragic memory when Pakistan was dismembered and a new state of Bangladesh was created in 1971 as part of Indian conspiracy which still continues against the integration of Pakistan.

India has a long-gone history of many centuries, based upon religious prejudice against the Muslims. In this respect, Indian intelligence agency, RAW which was founded in 1968, has assumed a significant status as invisible actor in formulation of India's domestic, regional and global policies, particularly directed against Pakistan.

Hindus give credit to Indira Gandhi who in the late 1970s gave RAW a new role to suit her 'Indira Doctrine' specifically asking it to undertake covert operations in neighboring countries, especially Pakistan which comprises majority of Muslims. RAW was given a green signal to mobilize all its resources by exploiting political turmoil in East Pakistan in 1971 which this agency had created through its agents who provided Bengalis with arms and ammunition for conducting guerrilla acts against the Pakistani defense forces.

Regarding the separation of East Pakistan, Indian RAW had unleashed a well-organized plan of psychological warfare, creation of polarization among the armed forces, propaganda by false allegations against West Pakistan, creation of differences between the political parties and religious sects of East and West Pakistan, control of media, manipulating linguistic, political and economic disputes in order to malign the Bengalis against Islamabad.

There is no doubt that one can note political, economic and social disparities almost in every Third World country. India, itself, contains these disparities on larger scale. In seven states of India, separatist movements are at work. But, New Delhi which has not recognized the existence of Pakistan since partition, left no stone unturned in planting and exploiting differences between the people of East and West Pakistan.

RAW has a long history of sinister activities in the East Pakistan, backing secular areas of Hindu minority who had played an important role in motivating Bengali Muslims against West Pakistan. RAW's well-paid agents had activated themselves in East Pakistan in the 1960's so as to dismember Pakistan. For this aim, it took the responsibility of funding Sheikh Mujibur Rahmans' general elections in 1970 and the members of his party, Awami League. It colluded with the pro-Indian persons and had paid full attention in training and arming the Mukti Bahnis (Terrorists). RAW, playing with the bloodshed of Muslims, succeeded in initiating a civil war in East Pakistan. However, huge quantity of arms started entering East Pakistan. Meanwhile, India welcomed the refugees from East Pakistan, providing them with every facility to provocate them against West Pakistan.

Majib was already in connivance with India for separation of East Pakistan. In this connection, Asoka Raina in his book, 'Inside RAW: The Story of India's Secret Service', discloses, "Indian intelligence agencies were involved in erstwhile East Pakistan…its operatives were in touch with Sheikh Mujib as the possible 'Father' of a new nation-Bangladesh, who went to Agartala in 1965. The famous Agartala case was unearthed in 1967. In fact, the main purpose of raising RAW in 1968 was to organise covert operations in Bangladesh. Indian army officers and RAW officials used Bengali refugees to set up Mukti Bahini. Using this outfit as a cover, Indian military sneaked deep into East Pakistan…the story of Mukti Bahini and RAW's role in its creation and training is now well-known."

Asoka further explained, "Indian sources including journalists have put on record how much RAW had established the network of a separatist movement through 'cells' within East Pakistan and military training camps in Indian territory adjoining East Pakistan…carrying out acts of sabotage against communication lines so that Indian forces simply marched in at the 'right' time. RAW agents provided valuable information as well as acting as an advance guard for conducting unconventional guerrilla acts against the Pakistani defense forces."

It is mentionable that before the 1971 war, Mujibur Rahman, had announced a separate national flag for East Pakistan in his six points which also included that currency of East Pakistan should be different along with a separate military.

His six points created prejudice among Bengali people especially against West Pakistan. The famous slogan, during his addresses and rallies was, "Punjabi go back." It was due to Mujib's instigation that besides Punjabis, Bengalis had also tortured Biharis.

Now, Bangladesh's Prime Minister Sheikh Hasina Wajid and her ruling party Awami League have continuously been pursuing Indian directions by conducting anti-Pakistan campaign.

In connivance with New Delhi, Bangladesh government and Awami League have launched a massive media campaign in order to spread venom against Pakistan and its armed forces and against all those Bangladeshi nationals who were loyal to the state during 1971 crisis.

Since Prime Minister of Bangladesh, Sheikh Hasina Wajid came into power; India has been employing various tactics to entrap Bangladesh by exploiting her pro-Indian tilt to fulfill its strategic interests. In this context, Prime Minister Hasina Wajid has continuously been pursuing Indian directions by conducting anti-Pakistan campaign. Therefore, after passing of 42 years to the events of 1971, which resulted into the separation of East Pakistan, Abdul Qadir, the leader of Jamaat-e-Islami (JI) was hanged because of his loyalty to Pakistan. Recent executions of Mujadid and Chaudry of JI were also part of the same scheme. Regarding all these executions, international community raised doubts and noted flawed proceedings.

People of Pakistan have shared moments of happiness and sorrows with the people of Bangladesh. The tragedy of dismemberment of East Pakistan was aimed at creating a compliant country through Indian trained and financed terrorists (Mukti Bahini) who had killed thousands of Pakistanis in cold blooded activities. In this connection, while addressing a ceremony during his Bangladesh tour, Indian Prime Minister Narendra Modi openly stated on June 7, 2015 that Indian forces helped Mukti Bahini to turn East Pakistan into Bangladesh. He elaborated that former prime minister Atal Bihari Vajpayee had played an active role in separating Bangladesh from Pakistan, and he had also come to Delhi in 1971 to participate in the Satyagraha Movement, launched by Jana Sangh as a volunteer to garner support for the Mukti Bahini members.

It is notable that Indian leadership by exploiting the concerns of Bangladesh Army over the raising of "Jatiyo Rakhi Bahini" (National vanguards) in 1972 once again created volatility in Bangladesh by patronizing the killing of Sheikh Mujibur Rehman. The supplementary purpose of the incident was to make 1974 tripartite agreement dormant, as by the agreement Sheikh Mujib, the father of Bangladesh had wished cordial relations among Pakistan, India and Bangladesh, declaring "Bangladesh knows how to forgive and forget."

To further keep the people of Bangladesh in desolation, fueling the hatred and creating extremism in the society, Sheikh Hassina Wajid was incorporated into the Bangladesh Politics. Since then through devious judicial trials, she has been executing elderly opposing politicians and as an extension of her personal and political vindictive posture by manipulating the fateful 1971 event to further the Indian interests. Turmoil, so shaped continues to haunt people of Bangladesh, as she is refusing olive branch offered by people of Pakistan.

Ironically, Awami League's purported nationalism is based on fabricated figures about the killing of three million Bengali people in 1971. Sheikh Mujib uttered this figure during an interview with the British broadcaster, David Frost. It was not authenticated by independent researchers or international institutions. During the conflict, only two division of Pakistan's Army with limited small weapons was deployed in East Pakistan and it has no motivation to kill so many people in such a short conflict being fought in unfavorable operational situation.

However, genocide committed by Indian trained terrorists in East Pakistan cannot be ruled out. Awami League's delusions, under Sheikh Hasina's are expected to create grave problems for Bangladesh. The growing discontent in the country over authoritarian and vindictive rule of Awami League vis-à-vis antagonistic approach towards Pakistan is causing a division in Bangladeshi society.

A regards the so-called genocide of the Bengali people, a famous Bengali journalist Sarmila Bose authored a book, "Dead Reckoning: Memories of the 1971 Bangladesh War" after thorough investigation. She terms the number, a gigantic rumor, while Hamoodur Rahman Commission Report considers even 26,000 as an exaggerated figure. Richard Sisson and Leo E. Rose in book titled "War and Secession: Pakistan, India and the Creation of Bangladesh" and Gary Bass in his book "The Blood Telegram" clearly admit that figures about so-called genocide were Indian purported.

At present, the situation is turning bleak as foreign investments are evaporating and unemployment is multiplying. The growing socio-economic degeneration is causing discontent suiting the terrorist outfits like ISIS (Daesh). Their financers are taking full advantage to recruit the combat terrorists and train them in contiguous Indian area for further insertion in various regions. Its fallouts in Bangladesh are evident. Western media has reported about presence of ISIS in Bangladesh. In the recent past, two foreigners were shot, while a Shia gathering was targeted in the country. Extremist groups like Ansarullah Bangla Team (ABT) and Jamaat-ul-Mujahideen Bangladesh have established affinities with ISIS and are very active these days. Some of the Western countries even advised their citizen not to travel to the country.

It is optimistically suggested to Prime Minister Sheikh Hasina and other leaders of Awami League that without indulging into a blame game, creation of Bangladesh may be acknowledged as one of the most tragic chapters in the history of Pakistan—tragedies test the resilience of the nations to survive and progress. Living in past sends the message of hopelessness, leadership must rise to the occasion and guide the nation towards integration and prosperity.

Pakistan's eagerness in fostering good relations with Bangladesh can be gauged from huge investments in Bangladesh by Pakistani traders.

Bengalis must know that in the backdrop of Modi's statement, role of India in dismemberment of Pakistan through state sponsored terrorism (Insertion of Mukti Bahni) and Indian support to separatist elements in Pakistan's province of Baluchistan have already been exposed, as Islamabad has recently presented solid evidence to the UN and the US in this respect.

Besides, world must take notice of Indian interventionist and hegemonic policies vis-à-vis her neighbors. India occupied Sikkim, subdued Bhutan, sponsored terrorism in Sri Lanka and is now teasing Nepal.

Nevertheless, while rectifying the historical record regarding the events of 1971, government of Bangladesh must mention that two Divisions of army (20000, which latter grew to 34000) operating in adverse environment has no motivation to go on civilian killing spree. It must know that if total number of troops was 34000, then how come the much publicized figure of 93,000 troops is true?

People of Bangladesh may identify their real enemies which are India and Awami League which are creating conditions for break up of Pakistan and has made Pakistanis and Bengalis to fight with each other. Now, they are again active to promote pro-Indian feelings through Awami League and Sheikh Hasina's government and gag the opposition, so that it can be turned into a fully compliant state.

Nonetheless, as part of old anti-Pakistan campaign, Awami League conceals facts about the separation of Pakistan.

***By : Shakat***

# सरकारको नीतिलाई सहयोग पुग्ने गरी काम गर्छौं

**कृष्णप्रसाद शर्मा**
**सिईओ, राष्ट्रिय वाणिज्य बैंक**



**० यो आर्थिक वर्ष वाणिज्य बैंकको लागि कस्तो रह्यो ?**

यो वर्ष हाम्रो लागि एकदमै उत्साहजनक अवधि रह्यो । धेरै बैंकिङ सूचकहरूमा हामी एक नम्बरमा रहन सफल भएका छौं । वाणिज्य बैंहरूमध्ये सबैभन्दा धेरै निक्षेप संकलन गरी कर्जा प्रवाह गर्नेमा हामी पहिलो भएका छौं । नाफामा पनि एक नम्बरमा छौं । त्यस्तै ग्राहक संख्यामा पनि हामी पहिलो स्थानमा छौं ।

एक सय ३० अर्ब निक्षप संकलन गरी ७३ अर्ब लगानी गरेका छौं । खराब कर्जा पनि ६ बाट साढे तीन प्रतिशतमा झरेको छ । त्यसकारण यो वर्ष हाम्रो लागि धेरै नै उत्साहजनक भएको छ ।

**० केही वर्षअघिसम्म खराब अवस्थामा रहेको वाणिज्य बैंकले यस्तो प्रगति गर्न कसरी सफल भयो ?**

पहिलो कुरा त हामीले आन्तरिक व्यवस्थापनमा पनि सुधार गर्यौं । पहिले पूँजी ऋणतात्मक थियो । अहिले १०/१९ प्रतिशत पूँजी पर्याप्तताको अवस्था छ । पूँजीको व्यवस्थापन गरेपछि हाम्रो मेहनत र ग्राहकहरूको विश्वास नै हाम्रो यो सफलको प्रमुख कारण हो ।

आगामी आर्थिक वर्ष बैकहरूको लागि कस्तो होला ?

पुनर्निर्माणमा बेला त बैंकहरूको लागि अवसर हुन्छ । निर्माणको काम हुन्छन् । निर्माण सामाग्रीको कारोबार बढ्छ, त्यससम्बन्धी उद्योग बढ्छन् । बजारमा धेरै पैसा खर्च हुन्छ । त्यसकारण आगामी वर्ष बैंकहरूको लागि अवसर नै हुन्छ भन्ने लाग्छ । हामी पनि पुनर्निर्माणका सरकारको सहयोगीका रुपमा अघि बढ्न चाहेका छौं ।

**० आगामी आर्थिक वर्षलाई कस्तो योजना बनाउँदै हुनुहुन्छ ?**

योजना बनाउने क्रममै छौं । आगामी वर्ष कर्जामा नै जोड दिन्छौं । खासगरी आवास कर्जा प्राथमिकतामा हुने छ । साथै कृषि क्षेत्रलाई पनि हामीले सधैं प्राथमिकतामा राख्दै आएका छौं । उत्पादनमूलक उद्योगमा पनि कर्जा लगानी बढाउँछौं । ग्रामिण क्षेत्रमा सेवा विस्तार गर्ने योजना छ । आधुनिक प्रविधिमा पनि जोड दिएका छौं । मोबाइल बैंकिङको सेवालाई धेरै ग्राहकहरूसँग पुर्याउने हाम्रो योजना छ ।

**० पुनर्निर्माणमा बैंकहरूको भूमिका कस्तो हुन्छ ?**

बैंकहरूको वित्तीय आवश्यकताअनुसार काम गर्ने हो । सरकारको नीतिलाई सहयोग पुग्ने गरी हामी काम गर्छौं ।

**० भूकम्पपछि तरलता बढेको छ, यसको व्यवस्थापन छिट्टै हुनसक्ला ?**

हो, तरलना बढेको छ । हामीले यो अवधिमा १३ अर्ब निक्षेप बृद्धि भएको छ । तर तुलनात्मक रूपमा हाम्रो कर्जा लगानी पनि भइरहेको छ । यो अवधिमा साढे तीन अर्ब कर्जा लगानी पनि बढेको छ । यसलाई व्यवस्थापन गर्न राष्ट्र बैंकले केही नीति ल्याउँछ भन्ने लागेको छ । अबको आर्थिक वर्षमा पैसाको धेरै आवश्यकता हुन्छ । त्यसकारण विस्तारै व्यवस्थापन हुँदै जान्छ होला । तर यसलाई सम्बोधन गर्न राष्ट्र बैंकले विशेष कार्यक्रम ल्याउनुपर्छ, त्यसका लागि राष्ट्र बैंकलाई पनि सुझाव दिइसकेका छौं ।

**० मौद्रिक नीति के कुरामा जोड दिनुपर्ला ?**

तरलता व्यवस्थापन नै हाम्रो प्रमुख समस्या छ । त्यसका साथै बैंकहरूलाई लगानी बृद्धि हुने वातावरण बृद्धि हुनुपर्यो । केही व्यवसाय समस्यामा परेका छन् । खासगरी निर्यातलाई प्रबर्द्धन गर्ने र आयातलाई घटाउने किसिमको नीति ल्याउनु जरूरी छ । सरकारले निर्यातजन्य उद्योगलाई प्रबर्द्धन गर्ने गरी आगामी वर्ष कार्यक्रम ल्याउनु जरूरी छ ।

*(आर्थिक बजार)*

## एनएमबी-नेपाल क्लियरिङ हाउस सम्झौता

एनएमबी बैंक र नेपाल क्लियरिङ हाउसबीच अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली सेवा सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतापछि नेपाल क्लियरिङ हाउसले एनएमबी बैंकलाई अन्तरबैंक विद्युतीय भुक्तानी सेवा सञ्चालनका लागि अन्तरबैंक विद्युतीय प्रणाली उपलब्ध गराउनेछ । सम्झौतापत्रमा बैंक सिइओ उपेन्द्र पौडेल र नेपाल क्लियरिङ हाउसका सिइओ नीलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका थिए ।

## कन्ट्री बैंकको लाभांश पारित

काभ्रेको बनेपामा मुख्य कार्यालय रहेको कन्ट्री डेभलपमेन्ट बैंक सञ्चालक समिति बैठकले सेयरधनीलाई आव ०७१/७२ सम्मको नाफाबाट चुक्ता पुंजीको ७.२५ प्रतिशत बोनस सेयर र कर प्रयोजनार्थ ०.३८१५७९ प्रतिशत नगद लाभांश वितरण प्रस्ताव पारित गरेको छ । प्रस्ताव राष्ट्र बैंकको स्वीकृति र साधारणसभाले पारित गरेपछि वितरण गरिने बैंकले जनाएको छ ।



# मुस्ताङमा घरेलु उद्योग दर्ता अभियान

मुस्ताङ । हिमालपारिको जिल्ला मुस्ताङमा उद्योग दर्ता गर्ने क्रम बढ्दै गएको छ । घरेलु तथा साना उद्योग विकास समिति मुस्ताङले साना उद्योग खोल्न अभियान सञ्चालन गरेपछि दर्ता क्रम बढेको हो । घरेलु तथा साना उद्योग विकास समिति मुस्ताङका अनुसार अहिले जिल्लामा विभिन्न प्रकारका ३ सय ११ उद्योग दर्ता भएका छन् ।

झन्झटिलो प्रावधानका कारण कार्यालयमा उद्योग दर्ता संख्या न्यून भएपछि कार्यालयले अभियान सञ्चालन गरेको हो । सुरुमा उद्योग दर्ता गर्नुपर्ने प्रावधान र प्रक्रियाबारे स्थानीयसंग छलफल गरी उद्योग स्थापनामा सहजीकरण गरेपछि जिल्लामा पछिल्लो समय घरेलु उद्योग दर्ता गराउनेको संख्या बढेको उद्योग विकास अधिकृत चेतनाथ गौतमले जानकारी दिए ।

उनले भने, 'कार्यालयको अनुरोधपछि उद्योग दर्ता गर्ने क्रम बढेको छ, मुस्ताङका व्यवसायीले उद्योग दर्ता गर्छौं तर घरमै आउनुपर्छ भन्ने अडान राखेपछि घरघरमै पुगेर दर्ता अभियान थालेका हौं ।'

उद्योग दर्ता हुने क्रम बढेपछि आव ०७१/७२ को तुलनामा यो वर्षको चौमासिक तथ्यांकमै शतप्रतिशत राजस्व संकलन भएको छ । अघिल्लो वर्ष करिब ५ लाख राजस्व संकलन भएकामा चालू वर्षको चौमासिकमा १० लाख २१ हजार ७ सय ५० राजस्व संकलन भएको छ । गत वर्ष ८ लाख १५ हजार मात्रै राजस्व संकलन भएको थियो । दर्ता भएका उद्योगमा ५४ करोड ९९ लाख २७ हजार ७ सय ६६ पुँजी लगानी भएको छ । पर्यटकीय जिल्ला भएकाले पर्यटनमूलक उद्योग संख्या उल्लेख्य रहेको गौतमको भनाइ छ ।

मुस्ताङको मार्फा, टुकुचे, कोवाङलगायत गाविसमा स्थानीय उत्पादनमा आधारित खुर्पानी, स्याउ, उवालगायत ब्रान्डका रक्सी उद्योग पनि सञ्चालन भइरहेका छन् । आन्तरिक रूपमा मुस्ताङ घुम्न जाने पर्यटकले यस्ता उत्पादनलाई कोसेलीका रूपमा लैजाने गर्छन् । दर्ता उद्योगमा ३ सय ७४ उद्यमी क्रियाशील छन् भने १ हजार ७ सय ८ जनाले प्रत्यक्ष रोजगारी पाएको कार्यालयले जानकारी दिएको छ ।

कार्यालयले उपल्लो मुस्ताङमा भने घरेलु उद्योग दर्ता हुन नसकेको बताएको छ । उपल्लो मुस्ताङका लोमान्थाङ, समर, छोसेरलगायतका गाविसमा ठूलो संख्यामा पर्यटनमूलक तथा उत्पादनमूलक उद्योग रहे पनि दर्तामा नआएको प्रमुख गौतमले जानकारी दिए ।


## Sajha Express (p.) Ltd.

**Domestic & INT 'L Courier Cargo Service**

| Head Office | Branch Office |
|---|---|
| Hanumansthan, Anamnagar<br>Po Box 14189 Kathmandu,<br>Nepal, Tel .4230789 ,4230269 | Barnwal Market, Birgunj<br>Hari Panta (Branch Manager),<br>Tel. 051-526809 , 9855021524 |



# नेपालको संविधानमा आदिवासी जनजातिको अधिकार

**नेपालको संविधानमा आदिवासी जनजातिको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- जातिय, क्षेत्रीय र भाषिक विभेदको अन्त्य गर्ने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने,
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका आदिवासी, आदिवासी जनजाति लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका, आदिवासी, आदिवासी जनजाति समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने ।
- आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- आदिवासी जनजातिसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने ।
- आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने ।
- संवैधानिक निकायको रुपमा नेपालमा एक आदिवासी जनजाति आयोग रहने ।
- नेपाली सेनामा आदिवासी जनजाति समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग


vnsb

## अनिललाई कप्तानको जिम्मेवारी

काठमाडौं । आसन्न दक्षिण एसियाली फुटबल महासंघ (साफ) च्याम्पियनसिपमा नेपाली राष्ट्रिय फुटबल टोलीको कप्तानीको जिम्मेवारी अनिल गुरुङले पाएका छन् ।

मुख्य प्रशिक्षक प्याट्रिक अउसम्सले सोमबार साफ च्याम्पियनसिपका लागि नेपाली टोलीको घोषणा गर्दै अनिललाई कप्तानीको जिम्मेवारी दिइने बताए । अनिल प्लेइङ सेटमा नपरेको अवस्थामा डिफेन्डर विराज महर्जन वा मिडफिल्डर रोहित चन्दमध्ये एकले आर्मब्यान्ड पहिरिने अवसर पाउनेछन् ।



प्रशिक्षक अउसम्सले सिनियर खेलाडी भएकाले पनि अनिलले नै कप्तानीको जिम्मेवारी पाउने बताए । 'अनिल टोलीका सिनियर खेलाडी हुन्, त्यसैले उनले नै नेपाली टोलीको कप्तानी गर्नेछन्,' अउसम्सले भने, 'तर, उनी प्लेइङ सेटमा नपरेको अवस्थामा विराज वा रोहितमध्ये एकले टोलीको कप्तानी गर्नेछन् ।'

नियमित कप्तान सागर थापा म्याच फिक्सिङ (खेल मिलेमतो)को आरोपमा एसियाली फुटबल महासंघ (एएफसी)बाट आजीवन प्रतिबन्धमा परेपछि अनिलले त्यो सौभाग्य पाएका हुन् । अनिल हाल साफ च्याम्पियनसिपका लागि राष्ट्रिय टोलीमा परेका मध्ये सिनियर खेलाडी हुन् । प्रशिक्षक अउसम्सले २३ डिसेम्बरदेखि ३ जनवरीसम्म भारतको त्रिभेन्द्रममा सञ्चालन हुने च्याम्पियनसिपका लागि सोमबार २० खेलाडीको नाम सार्वजनिक गरेका छन् । जसमा दुई खेलाडीले पहिलोपटक राष्ट्रिय टोलीमा अवसर पाएका छन् । गोलरक्षक अमृतकुमार चौधरी र स्ट्राइकर नवीन लामा पहिलोपटक राष्ट्रिय टोलीमा परेका हुन् ।

## क्यानमा चतुरबहादुर

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान)को अध्यक्षमा चतुरबहादुर चन्द निर्विरोध निर्वाचित भएका छन् । मंगलबार सम्पन्न साधारणसभाले क्यानको नयाँ कार्यसमितिको चयन गरेको हो । यद्यपि, राष्ट्रिय खेलकुद परिषद् र साधारणसभा बहिष्कार गरेको निवर्तमान अध्यक्ष टंक आङबुहाङ पक्षले भने नवनिर्वाचित कार्यसमितिलाई अवैधानिक भनेको छ ।

नयाँ कार्यसमितिमा दुई उपाध्यक्षबाहेक सबै पदमा निर्विरोध चयन भएको थियो । उपाध्यक्षमा शैलेश चौधरी र दिवाकर घले निर्वाचित भए । चौधरी ५३ तथा घले ३७ मतका साथ निर्वाचित भए । ३४ मत प्राप्त गरेका उपाध्यक्षका अर्का उम्मेदवार नरेश राणा पराजित भए । प्रथम उपाध्यक्षमा विनोद मैनाली तथा महासचिवमा अशोकनाथ प्याकुरेल निर्विरोध निर्वाचित भए । मैनाली अघिल्लो कार्यकालमा उपाध्यक्ष थिए भने प्याकुरेल महासचिव नै थिए ।

यस्तै, १२ सदस्य निर्विरोध चयन भए । रतनबहादुर कठायत, हरि रेग्मी, प्रशान्तविक्रम मल्ल, मोहम्मद दाउद अन्सारी, ऋषिराम गौतम, रोशनकुमार सिंह, किरणशमशेर राणा, जयन्ती भट्ट, जिना श्रेष्ठ, ठाकुरप्रताप थापा, राजुबाबु श्रेष्ठ र सञ्जयराज सिंह सदस्यमा निर्विरोध भए ।

मंगलबार नै बसेको निर्वाचित समितिको पहिलो बैठकले पाँच उपाध्यक्ष र दुई सचिव मनोनीत गरेको छ । बोर्डका तर्फबाट सञ्जयराज सिंह र रोशननाथ उप्रेती तथा अध्यक्षका तर्फबाट नरेशकुमार श्रेष्ठ, ठाकुरप्रताप थापा र रतन कठायत उपाध्यक्षमा मनोनीत भए । सचिवको जिम्मेवारी उत्तम कर्माचार्य र किरणशमशेर राणालाई दिइएको छ । बैठकले अरूण सत्याल, देवेन्द्र प्रजु, अमितवीर पाण्डे, माधव कर्माचार्य, जयदेव जोशी, विजयप्रकाश मैनाली र वीरेन्द्रबहादुर चन्दलाई सदस्यमा मनोनीन गरेको छ ।

## युइएफए टिम-११ मा मेसी, नेमार र सुआरेज परेनन्

म्याड्रिड । युरोपेली फुटबल महासंघ (युइएफए)ले युरोपियन च्याम्पियन्स लिगअन्तर्गत समूह चरणको प्रदर्शनअनुसार बनाएको टी-११ मा बार्सिलोनाका लियोनल मेसी, नेमार र लुइस सुआरेज परेनन् । उनीहरूमध्ये मेसी र नेमार गत वर्षको फिफा बेलोन्डेअर अवार्डका लागि सर्ट लिस्टमा परेका खेलाडी हुन् ।

बार्सिलोनाका लागि समूह ईमा सर्वाधिक ५ गोल गरेका सुआरेज पनि टोलीमा परेनन् । यसपटक समूह चरणबाट नकआउट चरणमा छनोट पक्का गर्ने बार्सिलोना नै पहिलो टोली थियो । जसमा यी तीन स्ट्राइकरले समग्रमा १० गोल गरेका थिए । रियल म्याड्रिडका क्रिस्टियानो रोनाल्डो, जेनित सेन्ट पिटर्सबर्गका हल्क, बायर्न म्युनिखका थोमस मुलर युइएफएले सार्वजनिक गरेको टोलीको स्ट्राइकर छानिएका छन् । युइएफएले ४-३-३ को फर्मेसनमा टोली घोषणा गरेको हो । जसमा एट्याकिङको भूमिकामा रोनाल्डो, हल्क र मुलर उत्कृष्ट ठहरिएका हुन् ।

गत वर्षको बेलोन्डेअर अवार्ड विजेता रोनाल्डोले रियलका लागि यो सिजन च्याम्पियन्स लिगको समूह चरणमा सर्वाधिक ११ गोल गरे । मिडफिल्डमा चेल्सीका विलियन र म्यानचेस्टर सिटीका रहिम स्टर्लिङ परेका छन् । प्रिमियर लिगबाट युइएफएको ड्रिम टिममा स्थान बनाउने विलियन र स्टर्लिङ मात्रै हुन् । विलियनले समूह चरणमा चेल्सीका लागि ५ गोल गरेका थिए । यस्तै, स्टर्लिङले ३ गोल गरे जसमध्ये दुई गोल जर्मन क्लब बुरुसिया मोइच्याङलाबाकविरूद्ध भएको समूह चरणको अन्तिम खेलमा गरेका थिए ।

# /Elg va/



## कलाकार संघमा बोगटी

नेपाल चलचित्र कलाकार संघको अध्यक्षमा रामकेशर बोगटी निर्वाचित भएका छन् । राजधानीमा शनिबार राति सम्पन्न संघको चुनावबाट बोगटीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ ।

सदस्यता विवादका कारण भदौमै हुने भनिएको चुनावी सभा पटक–पटक सरेको थियो । संघको अध्यक्षका लागि लय संग्रौला, रामकेशर बोगटी र विशाल विष्ट प्रतिस्पर्धामा थिए । बोगटीले संग्रौलालाई ७८ मत अन्तरले पराजित गरेका हुन् । खसेको कुल चार सय आठ मतमध्ये बोगटीले दुई सय ३८ र संग्रौलाले एक सय ६० मत प्राप्त गरेका थिए भने अर्का प्रत्यासी विष्टले जम्मा १० मतमा चित्त बुझाउनुपर्‍यो ।

उपाध्यक्षमा भने सानुकुमार ताम्राकार र रेजिना उप्रेती विजयी भएका छन् । उपाध्यक्ष पदका लागि चलचित्र प्राविधिक संघका निवर्तमान अध्यक्ष मनोज केसी र अभिनेत्री–निर्मात्री जानकी कुँवर पनि प्रतिस्पर्धामा थिए । मनोज र जानकीले पराजयमा चित्त बुझाउनुपर्‍यो ।

संघको महासचिवमा भने अभिनेत्री सरिता लामिछाने विजयी भएकी छिन् । यस पदका लागि कृष्ण ढुंगाना प्रतिस्पर्धी थिए । सरिताले दुई सय २५ र कृष्णले एक सय ७१ मत प्राप्त गरेका थिए ।

सचिवमा भने चेतबहादुर सिंह 'राजा' विजयी भएका छन् । उनले आफ्ना निकटम प्रतिद्वन्द्वी सञ्जय खतिवडालाई आठ मत अन्तरले हराएका हुन् । सचिव पदमा जम्मा तीन सय ८४ मत सदर भएको थियो, जसमध्ये सिंहले एक सय ९६ र खतिवडाले एक सय ८८ मत प्राप्त गरे ।

कोषाध्यक्ष पदमा पनि तीव्र प्रतिस्पर्धा भयो । जसमा विमला केसीले विजय हासिल गरिन् । विमलाले आफ्ना प्रतिद्वन्द्वी आकाशबाबु खवाससलाई १४ मत अन्तरले हराइन् । विमलाले दुई सय चार र आकाशले एक सय ९० मत प्राप्त गरेका थिए । अरू कसैले निवेदन नहालेकाले सहकोषाध्यक्ष पदमा भने नन्दिता केसी निर्विरोध भइन् ।

संघका कार्यसमिति सदस्यमा गजित विष्ट, सबिन श्रेष्ठ, अशिष्मा नकर्मी, शिवहरि पौडेल, शिवहरि बैरागी, रश्मि भट्ट, विष्णु सापकोटा, देवीराम पराजुली, कविता शर्मा गेलाल र धनबहादुर बमजन विजयी भएका छन् । निर्वाचनमा विजयी सदस्य गजित विष्टले सर्वाधिक दुई सय ८७ मत प्राप्त गरेका थिए ।

सभाको उद्घाटन उपराष्ट्रपति नन्दबहादुर पुनले गरेका थिए । उपराष्ट्रपति पुनले कलाकारलाई समाजको गहनाका रूपमा मात्र नभई देशको अभिन्न अंगका रूपमा लिनुपर्ने धारणा राखेका थिए । उनले कलाकारले देश र जनतालाई डोर्‍याउन सक्ने बताउँदै उनीहरूलाई राज्यले थप सम्मान दिनुपर्ने विचार व्यक्त गरे ।

नवनिर्वाचित कार्यसमिति सदस्यको शपथग्रहण शनिबार राति नै सम्पन्न भयो । संघका निवर्तमान अध्यक्ष नवल खड्काले आफ्नो तीन वर्षीय कार्यकाललाई सफल पार्न सहयोग गर्ने सम्पूर्ण कलाकर्मीलाई धन्यवाद ज्ञापन गरे भने नवनिर्वाचित अध्यक्ष रामकेशर बोगटीले आफूले घोषणा गरेका सबै काम र जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता दोहोर्‍याएका थिए ।

## संरक्षणमा निखिल र सौगात

द्वारिका उदय प्रोडक्सन, श्रीवास्तव फिल्म्स्, हेटौँडा मुभी मेकर टिम र पूर्णेन्दु प्रोडक्सन गरी चारवटा कम्पनीले संयुक्त रूपमा एउटा फिल्म निर्माण गर्दै छन्– संरक्षण ।

निखिल उप्रेती र सौगात मल्ल प्रमुख भूमिकामा रहने फिल्मको सोमबार राजधानीमा उद्घोष गरियो । प्रदीपकुमार उदय, नरेन्द्र महर्जन, नन्दु श्रीवास्तव र श्वेता शाह निर्माता रहेको फिल्मका अन्य कलाकारमा मलिना जोशी, रमेशरञ्जन झा, अशिष्मा नकर्मी, सुशान्त श्रेष्ठ, प्रमोद अग्रहरि, नन्दु श्रीवास्तवलगायत छन् । नवनिर्देशक पूर्णेन्दकुमार झाको निर्देशनमा बन्ने फिल्मको कथा पनि उनकै हो । अधिकांश दृश्य वीरगन्जमा खिचिने फिल्मको सुटिङ भने माघ पहिलो साताबाट सुरू गरिने बताइएको छ । राजनीतिक पृष्ठभूमिको कथामा निर्माण हुने फिल्ममा निखिल प्रहरी अधिकारीको भूमिकामा रहनेछन् । संरक्षण ०७३ को भदौमा रिलिज गर्ने निर्माण पक्षको योजना छ ।

## निश्चल र स्वस्तिमा 'इंगेज्ड'

निर्देशक, अभिनेता निश्चल बस्नेतले लगनगाँठो कस्ने भएका छन् । उनले 'होस्टेल रिटर्न्स' फिल्मकी एक अभिनेत्री स्वस्तिमा खड्कासँग बिहे गर्न लागेका हुन् । निश्चलले सोमबार राजधानीको एक पार्टी



प्यालेसमा इंगेजमेन्ट गरेका छन् ।

'लुट' फिल्मबाट निर्देशकका रूपमा चर्चा कमाएका निश्चल अभिनेताका रूपमा पनि सफल छन् । स्वस्तिमालाई भने गत भदौमा प्रदर्शित होस्टेल रिटर्न्स फिल्मले अभिनेत्रीका रूपमा परिचय दिलाएको हो । ३४ वर्षीय निश्चलले २० वर्षीया स्वस्तिमासँगको केही समयअघिदेखिको निकटता र प्रेमलाई बिहेमा परिणत गर्न लागेका हुन् । उनीहरूको बिहे भने फागुन ५ गते हुने बताइएको छ ।

## चैत १२ मा लक्ष्य आउने

एक्सन–लभस्टोरी फिल्म 'लक्ष्य'को प्रदर्शन मिति तय भएको छ । हाल डबिङको अन्तिम चरणमा पुगेको लक्ष्य चैत १२ देखि दर्शकमाझ आउने निर्माता ओमलाल गुरूङले जानकारी दिए । ओम किरण फिल्म्सको ब्यानरमा मिलन आलेमगर निर्देशित फिल्मको स्क्रिप्ट सुशील पंगेनीले लेखेका हुन् । फिल्ममा सबिन श्रेष्ठ, अनु शाह, अर्जुनजंग शाही, सुनील थापा, सारिका केसी, भानुप्रतापलगायतले अभिनय गरेका छन् । सुमन तण्डुलकारले खिचेको फिल्मको कोरियोग्राफर रामजी लामिछाने हुन् । एक करोड बढी लगानीमा बनेको फिल्ममा अर्जुन पोखरेल र टंक बुढाथोकीको संगीत छ ।

## पछिल्ला फिल्मको व्यापार निराशाजनक

मंसिर दोस्रो सातापछि प्रदर्शनमा आएका कुनै फिल्मले पनि राम्रो व्यापार गर्न सकेका छैनन् । ११ मंसिरमा रिलिज भएको 'कबड्डी कबड्डी'ले अहिलेसम्म पनि राम्रो व्यापार गरिरहेको छ भने सोही मितिमा प्रदर्शन भएको 'जाऔं हिंड पोखरा'ले भने औसत व्यापारमा चित्त बुझाउनुपरेको छ ।

तेस्रो साता अर्थात् १८ गते एकल प्रदर्शनमा आएको पूजना प्रधानको 'चकलेट'ले गतिलो व्यापार गरेन । हास्य कलाकार निर्मल शर्मा गैंडाको डेब्यु निर्देशनमा बनेको फिल्मले न सिंगल थिएटर, न त मल्टिप्लेक्स हलमै दर्शक पायो । चकलेटको झैं हालत भयो, शुक्रबार रिलिज भएको उदय सुब्बाको 'अग्नि' पनि । दिलीप रायमाझी र निर्देशक उदय सुब्बा स्वयं प्रमुख भूमिकामा रहेको अग्नि कतिपय हलबाट उत्रिसकेको खबर छ भने त्यस्तै हालत व्होर्न बाध्य भयो, राजबहादुर साने निर्देशित 'लाटी' पनि ।

अबको शुक्रबार अर्थात् पुस ३ गते भने कम बजेटका दुई नेपाली फिल्म दर्शकले हेर्न पाउने पक्कापक्की देखिएको छ । ती फिल्म हुन्, 'मिसन खेलाडी वं' र 'डोन्ट ब्रेक माई हार्ट' । शुक्रबारै दुई बिग ब्यानरका हिन्दी फिल्म- 'दिलवाले' र 'बाजिराव मस्तानी' रिलिज हुँदै छन् । अरु वेलामा हल नपाइने भएकाले यो साता डोन्ट ब्रेक माई हार्ट र मिसन खेलाडी फिल्मले मौका छोप्दै छन् । मिसन खेलाडीका वितरक सुनील मानन्धर हुन् भने डोन्ट ब्रेक माई हार्ट रोहित–रत्नले वितरण गर्दै छन् ।

# sk/6

## लमजुङमा ग्लोबल आइएमई शाखा

ग्लोबल आइएमई बैंकले लमजुङको बैंसीसहरमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । बैंसीसहरसहित बैंकका शाखा सञ्जाल ८९ पुगेका छन् । राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवी नेपालले शुक्रबार बैंसीसहर शाखा उद्घाटन गरेका हुन् ।

कार्यक्रममा बैंक अध्यक्ष चन्द्रप्रसाद ढकाल, वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्यालगायतका पदाधिकारी सहभागी थिए । मुलुकका १४ वटै अञ्चलबाट ग्राहकलाई सेवा प्रदान गरिरहेको बैंकका हाल ८९ शाखा, ६ वटा एक्सटेन्सन काउन्टर, १० वटा राजस्व संकलन काउन्टर, ९३ वटा एटिएम, ३९ वटा शाखारहित बैंकिङ सेवा तथा ५ लाखभन्दा बढी ग्राहक छन् ।

बैंकले अत्याधुनिक प्रविधियुक्त मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंकिङ सेवाका साथै अस्ट्रेलिया, मलेसिया, भारत, दक्षिण कोरिया, कतार, युएई, बहराइनलगायत मुलुकबाट रेमिट्यान्स सेवा प्रदान गर्दै आइरहेको छ ।

## हिमालयन बैंकको सहयोग

हिमालयन बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत काठमाडौंको भद्रकाली गाविस हात्तीगौंडामा रहेको न्यू चिल्ड्रेन्स होमका बालबालिकालाई सहयोग प्रदान गरेको छ । बैंकले चिल्ड्रेन्स होममा रहेका ३० बालबालिकालाई पोसाक तथा खाद्यान्न सहयोग उपलब्ध गराएको बताएको छ ।

चिल्ड्रेन होमले मुलुकका विभिन्न स्थानका गरिब तथा असहाय बालबालिकालाई आश्रय दिँदै आएको छ । बैंकका महाप्रबन्धक सुशील जोशीले सहयोग सामग्री हस्तान्तरण गरेका थिए ।

## एनसेल एपक्याम्पमा २४ समूह छनोट

मोबाइल सेवा प्रदायक कम्पनी एनसेलले आयोजना गरेको एनसेल एप क्याम्प २०१५ का लागि २४ वटा समूह अन्तिम चरणको प्रतिपस्पर्धामा छनोट भएका छन् । प्रतियोगितामा राखिएका खेल तथा मनोरञ्जन, स्वास्थ्य, पर्यटन र युटिलिटी विधाबाट ६/६ वटा गरी दोस्रो चरणको प्रतिस्पर्धाका लागि २४ समूह छनोटमा परेका हुन् ।

पूर्वघोषित मापदण्डका आधारमा प्रतियोगी छनोट गरिएको कम्पनीले जनाएको छ । प्रतियोगिताअर्न्तगत प्रतिस्पर्धीले चाहेको एपको आवश्यकता, एपबाट समाधान हुने समस्या, एप व्यापार सम्भावनाका साथै प्रस्तुतिलाई मुख्य आधार बनाइएको थियो । यसपटकको एनसेल एप क्याम्पको पार्टनरका रूपमा नबिल बैंक, काठमाडौं कलेज अफ म्यानेजमेन्ट, ई-सेवा र मेटलाइफ छन् ।

फाइनल प्रस्तुतिपछि प्रत्येक विधागत विजेताले २ लाख ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट विजेताले थप ५ लाख रुपैयाँको नगद पुरस्कारसहित २०१६ मा हुने अन्तर्राष्ट्रिय एप सम्मेलनमा भाग लिने अवसर पाउने कम्पनीले जनाएको छ ।

## सुबिसुको वार्षिकोत्सव अफर

केबल टेलिभिजन, इन्टरनेट र नेटवर्क सेवा प्रदायक कम्पनी, सुबिसु केवलनेट प्रालिले १५औं वार्षिकोत्सव अवसरमा 'सुबिसु १५औं वार्षिकोत्सव अफर' सुरु गरेको छ । योजनाअन्तर्गत कम्पनीले रिटेल ग्राहकका लागि इन्टरनेट र क्लियर टिभी सेवामा ५ प्याकेज प्रस्तुत गरेको छ ।

प्याकेज इन्टरनेट र क्लियर टिभी दुवै सेवामा समावेश रहेको कम्पनीले बताएको छ । ग्राहकले प्याकेजअनुसार ४ हजार ९ सय ९९ देखि १२ हजार ९ सय ९९ रुपैयाँसम्म प्राप्त गर्न सक्नेछन् ।

## मनास्लु बैंक छैटौं वर्षमा

गोरखामा मुख्य कार्यालय रहेको मनास्लु विकास बैंक सञ्चालनको पाँचौं वर्ष पूरा गरी छैटौं वर्ष प्रवेश गरेको छ । बैंकले सिआरएसअन्तर्गत पाँचौं वार्षिकोत्सव अवसरमा अस्पतालमा देखिएको रगत अभाव पूरा गर्न केन्द्रीय कार्यालयमा रक्तदान आयोजना गरिएको बताएको छ ।

कार्यक्रममा बैंक कर्मचारी, सेयरधनी, स्थानीय, व्यवसायी, पत्रकार, विभिन्न सामाजिक संघ-संस्था, सुरक्षा निकायका प्रतिनिधि सहभागी भएको बैंकले जनाएको छ । कार्यक्रममा १ सय १७ जनाले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रमलाई नेपाल रेडक्रस सोसाइटी गोरखा र ब्लड बैंक चितवनका प्राविधिक टोलीले ब्लड संकलन तथा व्यवस्थापन गरेको बैंकले जनाएको छ । वार्षिकोत्सव अवसरमा गोरखास्थित विभिन्न विद्यालयमा अध्ययनरत गरिब तथा जेहनदार विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण गरिएको बैंक अध्यक्ष श्री विजय मल्लले बताए ।

## महालक्ष्मी फाइनान्सको साधारणसभा

महालक्ष्मी फाइनान्सको २०औं वार्षिक साधारणसभा शुक्रबार सम्पन्न भएको छ । साधारणसभामा कम्पनी सञ्चालक समिति अध्यक्ष बाबुलाल अग्रवालले आव ०७१/७२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कम्पनीले गत आव ०७१/७२ मा ८ करोड ५६ लाख खुद मुनाफा आर्जन गरेको साधारणसभामा जानकारी दिइएको थियो । सोही अवधिमा कम्पनीले ४ अर्ब ४५ करोड निक्षेप संकलन तथा ३ अर्ब ७० करोड कर्जा प्रवाह गरेको अध्यक्ष अग्रवालले बताए ।

साधारणसभाले आव ०७१/७२ को मुनाफाबाट सेयरधनीलाई चुक्ता पुँजीको १५.०० प्रतिशतका दरले ६ करोड ३० लाख बोनस सेयर तथा कर प्रयोजनार्थ ०.७९ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । कम्पनीको हाल १२ शाखा सञ्जाल छन् ।

## भारत पसेको...

लागि आइएसको आतंकले नछोला, सत्ताको नेतृत्वमा पनि धर्मनिरपेक्षतावादी क्रिश्चियनका दास रहेका छन् । त्यसैले हिन्दूहरूले अहिले नसोचे कहिले सोच्ने ? आइएसको कूदृष्टि नेपालमा पनि पर्नसक्छ । मोदीबाट प्रताडित नेपालमा मोदीलाई सबक सिकाउन उद्दत रहेको आतंकी आइएसले नेपालतिर पनि हतियार सोझ्याउन सक्छ । त्यसैले भारत पसेको आइएस नेपाल पस्ला है ? सोच्नेहरूले सोचिहाल ।

आइएसले मोदीकै गलत नीतिका कारण भारतमा आइएसको संगठन खोज्न, मजबुत पार्न अनुकूल वातावरण रहेको बताइसकेको छ । यदि भारतमा आइएसको भर्ति खुल्यो भने त्यसको असर दीनदुःखी नेपालीहरूमा पनि पर्नेछ । त्यसै पनि नेपालमा शक्तिको दुरूपयोग गरेर आमनागरिकमाथि अत्याचार बढ्दै गएको छ । कूशासनको चक्रमा पिसिएका र वैदेशिक रोजगारीमा जबरजस्ती धकेलिएका आमनागरिक आइएसतिर आकर्षित नहोलान् भन्न सकिन्न । नेपालका लागि यो सतर्कताको समय बनेको छ ।

## नयाँ शक्तिका...

नरसंहार । १७ हजार जनता मारेपछि माओवादी दिल्लीको १२ बुँदे सम्झौतामा अवतरण भयो । त्यसपछि निरन्तर सत्ता चाखिरह्यो, अहिले पनि त्यो माओवादी सत्तामा छ । उछिट्टिएका बाबुराम नयाँ शक्ति भनेर मुठ्ठी उचाल्दै सडकमा उफ्रिरहेका छन् । उनको नयाँ शक्ति भनेको युवाशक्ति हो कि नयाँ नेपाल बनाउने वैचारिक शक्ति हो ? छेउटुप्पो कसैलाई थाहा छैन ।

लाग्छ, बाबुराम प्रचण्डलाई कमजोर पार्न नयाँ शक्तिको सगुफा छाडिरहेका छन् ।

भन्नेहरू भन्छन् : बाबुरामजीलाई रगत प्यूने रोग लागेको छ । उनी फेरि द्वन्द्व बढाएर अर्को जनयुद्धको गर्भाधान गरिरहेका छन् । कुन दिन उनी फेरि युद्धको घोषणा गर्नेछन् अथवा विवादलाई नरसंहारको स्थितिमा पुऱ्याउने छन् । अन्यथा लोकतन्त्रमा खरावी के छ ? खरावी भ्रष्टाचारको, कुशासनको, नैतिकताहीनको, गैरजिम्मेवारीको, जवाफदेहीताविहीनताको हो । जनताप्रति जिम्मेवार राजनीति बनाउनका लागि नयाँ शक्तिको ढोल किन पिट्नु पऱ्यो ? सुधारको आवाज बुलन्द गर्ने र भ्रष्टहरूको भण्डाफोर गरेर तिनलाई तह लगाउने खालको मुठ्ठी बटार्न सक्ने हो भने लोकतन्त्र लोकको तन्त्र बनिहाल्छ । विपत र आपदमा परेका लोकलाई फेरि अर्को डढेलोमा हाल्नु किन ?

बाबुरामले गर्ने भए प्रधानमन्त्री भएकै हुन्, के गरे ? कुनै एउटा राम्रो काम सुरु गरे ? छैन । छैन भने बाबुराम खिया लागिसकेका फलाम र म्याद नाघिसकेका ओखती बराबर हुन् भन्दा फरक पर्दैन । न देशवादी हतियार बन्नसक्छन्, न देशको रोगको निदान गर्न नै । हो, उनी नयाँ शक्तिका नाममा विदेशी हतियारचाहिँ बन्न सक्लान् । त्यसै पनि बाबुराममाथि भारतीय दलाल बनेको आरोप लागिरहेकै छ । उनले प्रधानमन्त्रीको पदमा बसेर भनेकै हुन् : नेपाल उत्तर वा दक्षिणतिर मर्ज हुन्छ । यस्ता अराष्ट्रिय व्यक्तिले यतिखेर राष्ट्रिय कुरा गर्नु भनेको अर्को रणसंग्राम मच्चाउने तैयारीमात्र हो ।

प्रत्येक दिन हजारौं युवाहरू विदेश पलायन भइरहेका छन् । तिनलाई रोक्ने र नयाँ शक्तिका लागि संगठित गर्ने प्रयत्न बाबुरामले गर्दै गरेनन् । अब म सत्तामा जान्न, अब म कुनै पदमा जान्न, बाँकी जीवन देशको हितमा खर्च गर्छु भन्ने प्रतिवद्धता पनि बाबुरामले गरेका छैनन् । यसको अर्थ बाबुरामलाई अहिले नै राम राम नभन्ने हो भने यिनले अर्को १७ हजारको हत्या गर्ने साजिसगर्दैछन् ।

## मार्क्सवाद...

डा. भट्टराईले सो कुरा नयाँ शक्ति निर्माण गर्ने सिलसिलामा दाङ पुगेर बताएका हुन् । त्यहीँ उनले अहिले सत्ता गठबन्धनलाई पुष्प-कमल ओलीको संज्ञा समेत दिएका थिए ।

अहिलेको सरकारको तिब्र आलोचना गर्दै डा.भट्टराईले सरकारले घ्यू खाएर कम्बल ओडेको राष्ट्रवादमा जनतालई झुक्याएको आरोप लगाउँदै उनले दाबी गरे, अहिलेको सत्ता समीकरणको हिरो कमल थापा नै हुन् । उनैले काठमाडौं-मधेस र दिल्लीलाई जबर्जस्ती जोडेको आरोप लगाउँदै अहिले जे भएपनि सत्ताको हिरो कमल थापा नै हुन् । उनले पुष्पकमल दाहाल र केपी ओलीलाई घुमाइरहेका छन् । तिनै हिरोले भारतलाई नेपालको आन्तरिक मामिलामा ल्याएका हुन भन्दै इतिहासदेखि नै नेपालमाथि भारतको सामरिक तथ्यलाई बुझ्न नसकेका कारण देशमा यस्तो समस्या आइपरेको भट्टराईले बताएका छन् । अहिलेको सत्ता गठाबन्धनको चर्को विरोध गर्दै भट्टराईले भनेका छन्, सत्ता गठबन्धनले इतिहासको पुनरावृत्ति भएको छ, उनको भनाईमा त्यसबेला राजा, कांग्रेस र कम्युनिष्टहरूको गठबन्धन जस्तै अहिले कमल थापा, एमाओवादी र नेकपा एमालेको गठबन्धनले इतिहास दोहोऱ्याएको उनले बताएका छन् ।

आफूलाई भारतपरस्त भनेपनि इतिहासलाई हेर्ने हो भने को भारतपरस्त हो त्यो प्रष्ट हुने भन्दै २०४६ सालमा पनि भारतले नेपालमाथि नाकाबन्दी लगाउँदा आफूले सबैभन्दा बढी विरोध गरेको बताउँदै तत्कालिन अवस्थामा आफूले तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० बुँदे मागपत्र बुझाएको र त्यो आफैले तयार पारेको बताउँदै त्यसबेला प्रचण्डलाई कसैले पनि नचिनेको उद्घोष समेत गरेका छन् । त्यसबेला आफू राष्ट्रिय जनमोर्चाको संयोजक भएको र त्यही ४० बुँदेका आधारमा माओवादी जनयुद्ध सुरु गरेको बताएका थिए ।

पछिल्लो समयमा काठमाडौं, दिल्ली र मधेसको त्रिपक्षीय भिडन्तले गर्दा देशलाई निकै जटिल अवस्थामा पुऱ्याएको उनको विश्लेषण थियो । अब दिल्लीलाई अलग गरेर काठमाडौं र मधेसबीच समस्याको समाधान गरिनुपर्छ भन्दै काठमाडौं र मधेसले आफ्नो आन्तरिक मुद्दाहरू दिल्लीसँग जोडेका हुनाले त्यही नै मुख्य समस्या रहेको बताउँदै काठमाडौंले जहिले पनि मधेशलाई उपेक्षा गर्ने अनि मधेसले जहिले पनि आन्तरिक मामिलामा दिल्ली गुहार्ने प्रवृत्तिले अहिले देशमा समस्या त्रिपक्षीय रुपमा बल्झिएको आफूले बुझेको बताएका थिए ।

नयाँ शक्ति निर्माण गर्ने उद्देश्यले देशव्यापी रूपमा बहस चलाउन र त्यसमा सामेल हुनेहरूको राय सुझाव लिन दाङ पुगेका भट्टराईले मार्क्सवादलाई धार्मिक ग्रन्थका रूपमा लिने कम्युनिष्टहरूले आफूलाई मार्क्सवादबाट पलायन भएको आरोप लगाएको भन्दै आफूले मार्क्सवादलाई विज्ञानका रूपमा लिएको र कम्युनिष्टहरूले भने धार्मिक ग्रन्थका रूपमा बुझ्ने गरेको बताउँदै मार्क्सवाद विज्ञान हो, मार्क्सवाद गायत्रीमन्त्र जस्तो धार्मिक ग्रन्थ नभएको प्रष्ट पारेका छन् ।

## मधेस...

एमाले जसरी पनि तनाव कम गर्न र राजनीतिक सहमति जुटाएर सत्ताको नेतृत्व टिकाउने रणनीतिमा लागेको छ । यही रणनीतिको औजार हो जनताको संविधान जनताकै माझ कार्यक्रम । यही कार्यक्रमका लागि राज्यकोषको दुरूपयोग गरेर एमालेले मधेस मिसन सुरू गरेको छ । मधेसी जनताले एमालेको मधेस मिसनलाई बाल नगनेपछि एमालेले भन्ने गरेको छ- मधेसी मोर्चाले गाउँ गाउँ पसेर जनतालाई नजान भनेपछि मधेसी जनता नआएका हुन् । यस्तो डर धम्कीप्रति एमाले डराउँदैन ।

नडराएर के गर्ने एमाले, असक्षम भइसक्यो । एमाले देशका लागि भार बनिसक्यो । असफल एमाले बिभिन्न बहानामा सत्तामा टाँस्सिएर बस्नुभन्दा पनि राजीनामा दिएर पन्छनुमै मधेस आन्दोलन र नाकाबन्दीको हल निस्कन सक्ने देखिन्छ । एमाले राज्यकोषको दुरूपयोग जति गर्दै जानेछ, त्यसको दोषभागी एमाओवादी र अन्य पार्टी पनि हुनेछन् । अहिले नै मधेसीहरू भन्न थालिसके, तिमीहरूलाई काठमाडौंमात्रै दुख्छ, मधेस दुख्दैन ? यसको जवाफ सत्ताधारीहरूसँग छैन । उनीहरू नाजवाफ बनेका छन् । सत्ताधारीहरूलाई सत्ता टिकाउने चिन्ता, मधेसवादीलाई आफ्नो आन्दोलनलाई सफल पार्ने ।

## महतोको...

रहेको भन्दै यदि त्यसो भएको खण्डमा त्यसको दोष सरकार र तीन दलले लिनुपर्ने बताएका छन् । अहिले पनि मधेसलाई नेपालबाट अलग बनाउन चाहने शक्तिहरू मौका कुरेर बसेका भन्दै अध्यक्ष महतोले भने, हामीहरू त्यस्तै मौका दिने पक्षमा छैनौं । त्यसतर्फ सजग रहँदै सरकार र तीन दलले अब मधेसका मागहरू सम्बोधन गर्न कुनै ढिलाई गर्न नहुने बताएका छन् ।

आफुहरूले कुनै नयाँ माग नराखेको र मागहरू पुरा भएपछि स्वतः मधेस आन्दोलन रोकिने बताउँदै मुलुकमा अहिलेसम्म यस्तो अभूतपूर्व र ऐतिहासिक आन्दोलन नभएको भन्दै शान्तिपूर्ण आन्दोलनमा जनताको भरोसा टुट्न नदिने उद्घोष समेत गरेका थिए । मधेसक मागहरू पुरा गराउन मोर्चाले अन्तिम धक्का दिने तयारी मधेसमा गरेको बताउँदै पुस ३ गते संविधान जारी भएको तीन महिना पुगेको दिन मधेसका जनताली आन्दोलनमा सहभागी हुन अनुरोध गर्दै हालै मधेसी मोर्चाका नेताहरूले गरेको भारत भ्रमण निकै फलदायी भएको र मधेसका माग र मुद्दाबारे भारतलगायत अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएको बताएका थिए । त्यसक्रममा महतोले राज्यका तर्फबाट फैलाइएको भ्रम चिर्न आफूहरू सफल भएको उद्घोष गर्दै आन्दोलनलाई अझ प्रभावकारी र सशक्त बनाउने विषयमा नेताहरूबीच छलफल भइरहेको र मोर्चाका कार्यकर्ताहरू फेरि नाकामा धर्ना दिने बारे अन्तिम निर्णय हुन बाँकी रहेको बताएका थिए । सो पत्रकार सम्मेलनमा संघीय समाजवादी फोरम नेपालका पर्सा जिल्ला अध्यक्षसहित अन्य मधेसवादी दलका नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेपनि महतोबाहेक अन्यले केही बोलेका थिएनन् ।

## कालोबजारी...

सञ्चालकहरू समेत रहेका छन् । नाकाबन्दी अघि ५०/६० सिलिन्डर ग्याँस उठाउँदै आएका डिपोहरूले धम्की दिएर अहिले १६ सयभन्दा बढी ग्याँस सिलिन्डर लिएको अनुगमन टोलीले फेला पारेको छ । धम्कीले गर्दा एउटै परिवारलाई ६/७ सिलिन्डर समेत वितरण गरेको तथ्य फेला पारेपछि त्यस्ता डिपोहरूलाई तत्काले कारबाही गर्नुको बदला सरकारी अनुगमन टोलीले विभागमा उपस्थित हुन दिर्नेशन दिएको छ ।

ग्याँसमा ठगी गर्ने ३ जना सञ्चालकहरूलाई चिठी काटेर विभागमा हाजिरका लागि बोलाइएको छ भने अन्यलाई के गर्ने भन्नेमा विभाग अन्योलमै रहेको छ । यसरी डिपोकै कर्मचारीहरूको मिलेमतोमा कालोबजारी भएपनि त्यसलाई नियन्त्रण गर्न सरकार भने असफल सावित भएको छ । अनुगमनमा गएकाहरूले बताएनुसार ग्याँस कम्पनीकै ढोकाढोकाबाटै लुट भएको पाइएको छ । स्थानीय परिचालन गरेर धम्कीका आधारमा डिपोले बढी ग्याँस लिएर बढी मूल्यमा बेच्ने गरेकाले त्यसलाई तत्काल रोक्न र सकारलाई तत्कालै कारबाही थाल्न अनुगमन टोलीले आग्रह गरेको छ ।

कुनै कुनै डिपोहरूले त सहज अवस्थामा एकसय ग्याँस सिलिन्डरसम्म उठाउन नसकेको अवस्थामा अहिले ४ हजार सिलिन्डरसम्म उठाएको तथ्य टोलीले फेला पारेको छ । त्यसरी ग्याँस उठाउनेहरूले ग्याँस कम्पनीहरूलाई धम्की दिने र आफूले भनेजति ग्याँस नदिएर कम्पनी नै बन्द गराउने धम्की दिने गरेको स्थानीयले बताउँदै आएका छन् । बढी सिलिन्डर लिएर डिपोहरूले काठमाडौं उपत्यकामा बढी मूल्यमा ग्याँस बिक्री गर्ने गरेको तथ्य समेत फेला परेको टोलीका सदस्यले बताएका छन् ।

पछिल्लो समयमा भारतबाट पेट्रोल, डिजेल बोकेका गाडीहरू राजधानी भित्रिने क्रम बढेपनि ग्याँस बुलेट भने निकै कम मात्रामा आउने गरेका छन् । सामान्यतया दैनिक ६६ बुलेट ग्याँस आवश्यक हुने भएपनि अहिले दैनिक ६/७ बुलेट मात्र आउने गरेकोले ग्याँसको चरम अभाव भएको छ । सरकारले आधासिलिन्डर ग्याँस विक्रीवितरण गर्ने निर्णय गरेर त्यसैअनुरूप मूल्य आधा ७ सय निर्धारण गरेपनि इन्धनको अभाव देखाएर व्यवसायीहरूले एक हजार देखि १५ सय सम्ममा आधा सिलिन्डर विक्रीवितरण गरी कालोबजारी गरिरहेका छन् । त्यसरी ठगी गर्ने व्यापारीहरूलाई उपभोक्ता संरक्षण ऐन र कालोबजार ऐन अनुसार कारबाही हुने भएपनि कारबाही सामान्य हुने भएकाले अहिले व्यापक मात्रामा कालोबजारी बढेको हो । अब एने नै परिमार्जन गरी कठोर कानुन बनाउनु आवश्यक छ ।

# टेलिकमको रिचार्ज कार्ड हवाईजहाजबाट

काठमाडौं । नेपाल टेलिकमले तराई-मधेसमा जारी आन्दोलन र भारतको अघोषित नाकाबन्दीका कारण स्थलमार्गबाट रिचार्ज कार्ड ल्याउन नसकेपछि हवाईजहाजबाट ल्याउन सुरू गरेको छ । टेलिकमले भारतमा छापिने रिचार्ज कार्ड नेपाल वायु सेवा निगमको हवाईजहाजबाट ल्याउन थालेको हो ।

कम्पनीले यसै साताादेखि हवाई मार्गबाट रिचार्ज कार्ड ल्याउन सुरू गरेको टेलिकमका प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्यले जानकारी दिए । टेलिकमले कुल १ करोड ६० लाख थान रिचार्ज कार्ड हवाई मार्गबाट ल्याउने भएको हो ।

यसका लागि रिचार्ज कार्ड उत्पादक र वायु सेवा निगमसँग सम्झौता भइसकेको उनले बताए । 'दुई खेप गरेर यो सातासम्म ५४ लाख थान रिचार्ज कार्ड हवाई मार्गबाट नेपाल ल्याइपुऱ्याएका छौं,' उनले भने, 'अब बाँकी १ करोड ६ थान रिचार्ज कार्ड पनि १/२ साताभित्रै नेपाल आइपुग्नेछ ।' रिचार्ज कार्ड आपूर्ति सहज बनाउन स्थलमार्गको विकल्प खोजिएको उनको भनाइ छ । 'सीमामा भएको अवरोधका कारण स्थलमार्गबाट रिचार्ज कार्ड ल्याउन सम्भव भएन,' उनले भने, 'त्यसैले हवाई मार्गबाट रिचार्ज कार्ड ल्याउन थालेका हौं ।'

सीमा अवरोधका कारण टेलिकमका २ कन्टेनर रिचार्ज कार्ड सीमापारि थन्किएर बसेको उनले जानकारी दिए । जहाजबाट ल्याउन थालिएका अधिकांश रिचार्ज कार्ड १ सय रूपैयाँ दरका छन् । केही परिमाणमा २ सय, ५ सय र १ हजार दरका समेत छन् ।

यसअघि बजारमा ५० रूपैयाँभन्दा ठूला दरका रिचार्ज कार्ड तुलनात्मक रूपमा कम थिए । हवाई मार्गबाट ल्याउन थालिएपछि अहिले बजारमा सबै दरका रिचार्ज कार्ड उपलब्ध रहेको उनले बताए । पछिल्लो समय नेपाल टेलिकमको रिचार्जमा समस्या रहेको गुनासो आइरहेको छ । खासगरी ५० रूपैयाँ दरको रिचार्ज कार्डको प्रयोग अत्यधिक हुँदा 'जाम' भएर रिचार्जमा समस्या आएको कम्पनीले जनाएको छ ।

हवाई मार्गबाट ठूला दरका रिचार्ज कार्ड ल्याइएको र प्राविधिक सुधारसमेत गरेका कारण अहिले रिचार्जमा कुनै समस्या नरहेको उनले दाबी गरे । टेलिकमले ग्राहकलाई नियमित रिचार्ज कार्ड उपलब्ध गराउन हवाई मार्ग प्रयोग थालेको जनाएको छ ।'

# मेगाले ल्यायो भिसा कार्ड

काठमाडौं । मेगा बैंक नेपालले ग्राहक सुविधालाई ध्यानमा राखी 'मेगा भिसा क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ । पुस १ देखि लागू हुने गरी बैंकले मेगा भिसा क्रेडिट कार्ड सञ्चालनमा ल्याएको हो ।

मेगा भिसा क्रेडिट कार्ड स्वदेश तथा विदेशमा प्रयोगमा ल्याउन सकिने बैंकले बताएको छ । यसअघि नै बैंकले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा समेत सञ्चालन हुने गरी मेगा भिसा डेबिट कार्ड ल्याइसकेको छ । विदेश यात्रा गर्न चाहने ग्राहकलाई सजिलो हुने गरी बैंकले मेगा भिसा ट्राभल कार्ड पनि ल्याएको छ । मेगा भिसा ट्राभल कार्ड संसारभर प्रयोग गर्न सकिने मेगा बैंकले जनाएको छ ।




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार